# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विश्वको कुनै क्षेत्र वा मुलुकमा रहेको बेरोजगार श्रमशक्ति विश्वको अर्को क्षेत्र वा मुलुकमा रोजगारीका लागि जाने काम हुन्छ भने यस अवस्थामा वैदेशिक रोजगारीको सृजना हुन्छ । यसरी एक मुलुकको श्रम बजारको श्रमशक्ति अर्को मुलुकको श्रम बजारमा व्यवस्थित रूपमा गई रोजगार गर्नुलाई वैदेशिक रोजगार भनिन्छ (वैदशिक रोजगार ऐन, २०६४) ।

विकासशील राष्ट्रहरूको सूचीमा पर्ने नेपाल शिक्षा, स्वास्थ्य, गरिबी जस्ता समस्याबाट अझै पनि माथि उठ्न सकेको छैन । कृषि प्रधान देशको रूपमा रहेतापनि कृषि क्षेत्रको उचित विकास हुन सकेको छैन । कृषि क्षेत्रमा निर्भर बहुसंख्यक जनताको आर्थिक स्तर अझै पनि आधारभूत आवश्यकता परिपूर्तिका लागि भौतारिनु पर्ने अवस्थामा छ (के.सी., २०६६) ।

नेपालको सन्दर्भमा हेर्दा यहाँ रहेको जनशक्ति पूर्ण रूपमा परिचालन भएको छैन । विशेषतः कृषिमा संलग्न बहुसंख्यक जनसंख्या अर्धबेरोजगारको अवस्थामा छन् । अर्थात वर्षमा ८ महिना वेरोजगारी र कम्तिमा ४ महिना रोजगारी रहेको अवस्थाले देशमा बेरोजगारीको समस्या धेरै नै छ भन्न सकिन्छ । यसका साथै कृषिमा संलग्न अर्धबेरोजगार लगायत शिक्षित, दक्ष व्यक्तिहरूले पनि आफ्नो क्षमता अनुसार रोजगार नपाउँदा बेरोजगारको अवस्था बढ्दो क्रममा रहेको देखिन्छ । यसरी देश भित्रको जनशक्ति, श्रमशक्ति बेरोजगार रहेको र पूर्णरूपमा खपत गराउन सकिने माध्यमको कमि रहेको अवस्थामा नेपालले विश्वमा श्रमशक्तिको माग रहेको राष्ट्रहरूसँग संझौता गरी देशमा रहेको बेरोजगारी जनशक्तिलाई उक्त बजारमा खपत गराउने नीति लिएको छ (दाहाल, २०६६) ।

वैदेशिक रोजगार शब्दले हाल आएर समाजमा व्यापकता पाउँदै गएको र प्रत्यक्ष रुपमा अर्थतन्त्रको बिस्तारमा ठूलो भुमिका खेलेको छ । यस शब्दले नेपाली समाजमा लोकप्रियता लिदै आइरहेको छ । हाल वृद्धि भइरहेको विश्वव्यापीकरण र खुल्ला अर्थव्यवस्थामा श्रमको आदान प्रदान र सर्वसुलभ सस्तो श्रमको आयात तथा निर्यातबाट विकास भएको यो शब्द कुनै देशको सिमा नाघेर अर्को देशमा जानु र श्रमको मुल्य लिनु वैदेशिक रोजगार हो । सामन्यतयाः श्रमको

अन्य देशमा हुने खपत व्यवस्थालाई वैदेशिक रोजगार भनिन्छ । तर छिमेकी मुलुक भारतमा गई गरिने सैनिक, अर्ध सैनिक र व्यक्तिगत कामलाई वैदेशिक रोजगार मानिदैन् । प्रवेशाज्ञा प्रक्रियाद्वारा जान मिल्ने देशलाई मात्र यहाँ उल्लेख गरिएको छ ।

सन् १९५० को सन्धि अनुसार नेपाल र भारतमा दुवै देशको जनतालाई स्वतन्त्रता पूर्वक आवतजावत गर्न दिइने, सम्पत्ति र सुरक्षाको अधिकार दिइएकाले पनि कुनै पनि व्यक्ति आवतजावत गर्न कुनै रोकतोक छैन । तर अन्य देशमा जाँदा राहदानी र प्रवेशाज्ञाको व्यवस्था नभइ नहुने कुराहरु हुन् । शाब्दिक अर्थमा वैदेशिक रोजगार भन्नाले स्वदेश बाहिरको नोकरी वा निश्चित ज्याला भन्ने बुझिन्छ । यसरी विश्वको वा एक देशको श्रम बजारको श्रमशक्ति अर्को देशको श्रम बजारमा व्यवस्थित रुपमा गई रोजगार गर्नुलाई वैदेशिक रोजगार भनिन्छ र विश्व श्रम बजारमा रहेका श्रमशक्तिको व्यवस्थित निर्यात गर्ने कार्यलाई वैदेशिक रोजगार व्यवसाय भनिन्छ (पण्डित, २०५६: १) ।

सन् १८१५ मा तत्कालिन ब्रिटिस साम्राज्यले भारतमा गोर्खा सैनिक बटालियन स्थापना गरेपछि नेपालमा वैदेशिक रोजगार शुरुवात भएको हो । सन् १८१५ भन्दा पहिला देखि नेपाली कामदारहरु भारतको आसाम, मेघालय, मणीपुर, वर्मा, भुटान, दार्जिलिङ्ग आदि ठाउँमा आप्रवासी वा रोजगारीका लागि आवतजावत गरेको पाइएको छ । यी स्थानहरुमा नेपाली कामदारहरु जंगल फडानी, कोइला खानी, कृषि, चिया बगान, रबर खेति आदि क्षेत्रमा रोजगारीमा जाने प्रचलन बढ्दो मात्रामा छ । भारत बाहेक तेस्रो मुलुकमा गैर सरकारी क्षेत्रमा रोजगारीका लागि जाने प्रक्रिया भने करिब २ दशक अगाडि देखि मात्र शुरु भएको हो (पोखरेल, २०५७: १८) । यसरी नेपालीहरु रोजगार र व्यापार-व्यवसायको लागि भारत लगायत अन्य देशमा जाने प्रचलनबाट नै वैदेशिक रोजगारको शुरुवात भएको हो ।

नेपालबाट वैदेशिक रोजगारका लागि विदेशमा जाने थालनी करिब २०० वर्ष अघिदेखि भइ आएको पाइन्छ । त्यस्तै वैदेशिक रोजगारको शुरुवात ब्रिटिस गोर्खा सेनाबाट भएको पाइन्छ । बिगत २० वर्ष यतादेखि नेपाली कामदारहरु मुख्य रुपमा खाँडी मुलुक तथा मलेसियामा संस्थागत रुपमा वैदेशिक रोजगारको लागि जाने गरेको पाइएको छ (Aakarshan International, 2010)।

नेपाल जीवनस्तर सर्वेक्षण ०६६/६७ तेस्रो अनुसार समग्रमा विगत ७ दिनमा कुनै व्यक्तिले कम्तिमा १ घण्टा कुनै आर्थिक काम गरेको भए सो व्यक्तिलाई हाल “रोजगार” भएको

मानिन्छ । अर्कोतर्फ विगत ७ दिनमा कुनै काम नगरेको तर कामको खोजिमा रहेको, काम पाउने आश्वासना पाएको व्यक्तिलाई "बेरोजगार" भनिन्छ । यसरी "रोजगार" र "बेरोजगार" व्यक्ति आर्थिक रुपमा सक्रिय मानिन्छ र यि दुइको जोडलाई "श्रमशक्ति" भनिन्छ (के.त.वि., २०६८:४३) । यसरी आर्थिक रुपमा आम्दानी गर्न सक्षम भएको रोजगार र बेरोजगार व्यक्तिहरुलाई श्रमशक्ति भनिन्छ ।

अविकसित राष्ट्रहरुको सुचिमा पर्ने नेपाल पनि गरिबी, शिक्षा, स्वास्थ्य, द्वन्द, भोकमरि आदि जस्ता समस्याबाट टाढा रहन सकेको छैन । कृषि प्रधान देशको रुपमा चिनिने भएता पनि कृषि क्षेत्रको उचित र वैज्ञानिक रुपले विकास हुन नसक्दा कृषि क्षेत्रमा निर्भर बहुसंख्यक जनताको आर्थिक स्तर अझै पनि आधारभूत आवश्यकता परिपूर्तिका लागि भौतारिनु पर्ने अवस्था नै छ (डाँगी, २०६८: १) । त्यहि भएर नेपाली समाजमा "घर नखाएको छोरी त पाइन्छ तर प्रदेश नपसेको छोरा" पाउन गार्हो नै पर्ने भइसकेको छ । यसरी विदेशिने क्रममा नेपालीहरु खाँडी मुलुक, यूरोप, अमेरिका मुलुकका साथै सार्कका केहि देशहरुमा पनि रोजगारीको सिलसिलामा जाने गरेको पाइएको छ (Sharma, 2008) । नेपालको सन्दर्भमा विदेशिने श्रम शक्तिलाई हेर्दा पहिलो प्रकारको जनशक्ति श्रमिकको रुपमा, दोस्रो प्रकारको जनशक्ति अध्ययनको रुपमा र तेस्रो प्रकारको जनशक्ति श्रमिक र अध्ययन दुवै रुपमा वैदेशिक रोजगारमा जाने प्रचलन छ । यसप्रकार अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा जाने संख्या बृद्धि भई रहेको अवस्थामा यसले सामाजिक तथा आर्थिक पक्षमा पारेको प्रभावहरुको पहिचान गर्न यो अनुसन्धान गरिएको हो ।

## १.२ थारु जातिको उत्पत्ति र परिचय

विभिन्न विद्वान्हरुले थारु जातिको उत्पत्ति र परिचय सम्बन्धमा विभिन्न तरिकाले वर्णन गरेको पाइन्छ । यसै सन्दर्भमा कही विद्वान्ले थारु जातिलाई राजस्थानको थारमरुभूमिबाट आएकोले थारु भनिएको हुन सक्छ भन्ने तर्क प्रस्तुत गरेका छन् भने केही विद्वान्ले थारु जातिलाई मंगोलियन द्रवीडीयन अथवा शाक्य वंशसँग जोडेका छन् । हाल सम्म पूर्व प्रकाशित पुस्तक पत्रपत्रिका आदिको अध्ययनबाट थारु जातिको उत्पत्ति र परिचय सम्बन्ध विद्वान्हरुका उल्लेखित भनाईहरु यसप्रकार रहेका छन् (राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान, २०५३) ।

नेपालमा थारू जातिको अध्ययन गर्ने पहिलो मानवशास्त्री डोरबहादुर विष्ट हुन् । उनले आफ्ना दुइ वटा पुस्तक People of Nepal र सबै जातको फुलबारीमा नेपालमा बसोबास गर्ने

विभिन्न जातिहरूको Ethnographic विवरण दिने क्रममा तिनका थर र उपथरको परिचय दिने क्रममा थारू जाति सम्बन्धी खोजमूलक विवरण दिई व्याख्या गरेका छन् । उनका अनुसार थारूहरूको बनोटमा देखीने मंगोलियन आकृतीको प्रत्यक्ष असर हालसालको नयाँ कुरा हुन सक्दैन । किनभने पश्चिम पहाडमा खस आर्यहरू आई पुग्नु अघि मात्र मंगोलियन आकृतिका मानिससँग पश्चिम तराईमा बस्ने थारूहरूको सम्पर्क भएको हुन सक्दछ । खस आर्यहरू यस क्षेत्रमा बस्न थाले पछि कोही पनि मंगोलियन आकृतिका मानिस सुदुरपश्चिम पहाडमा देखिएका छैनन् । त्यो समयलाई पछ्याउन खोज्ने हो भने त्यसैपनि ३००० वर्षजति पछाडि फर्कनु पर्ने हुन्छ । उनी त्यस बेला देखि थारूहरूलाई तराईमा बसिआएको मान्ने हो भने राजपुत आईमाईका सन्तान भन्ने केवल पाँचसय वर्ष अघि मात्र हुन सक्ने घटना क्रमसँग थारू जातिको उत्पत्तिलाई गास्न मिल्दैन (विष्ट, २०५५: ८८: ८९) ।

तर थारूको उत्पति वा मूलको सम्बन्धमा विद्धानहरू बीच एकमत हुन सकेको देखीदैन । प्रसिद्ध समाज अन्वेषक जनकलाल शर्माले थारूहरूको उत्पति, विकास र यिनीहरूको सामाजिक, साँस्कृतिक उत्पत्ती माथि प्रकाश पारेका छन् । उनी भन्दछन्, थारूहरूमा स्वास्नी मानिसको प्रधानता भएकोले मुसलमानी आक्रमणको समयमा आत्मरक्षाका लागि पहाडी कन्दरामा लुक्न आएका चितौड वा राजपुतका राजपुतरमणीहरूले यही बसोबास गर्ने विचार गरी नोकरचाकर र स्थानिय बासिन्दा सँग विवाह गरे । तिनैका सन्तति आजका थारू हुन् । रानाथरका थारूमा भात खाई सकेपछि खुट्टैले धस्काई दिने चलनले यस तर्कको पुष्टि गर्दछ ( शर्मा, २०३९) ।

थारू जातिको उत्पत्तिका बारेमा विद्धानहरूको एकमत छैन् । थारू जातिहरूले लेख्ने जातिय शब्द व्युत्पत्तिको विज्ञान (Etymology) का आधारमा उत्पत्ति भएको उल्लेख गरेको पाइन्छ । कसैले अनुश्रुतीका आधामा भारतको थार मरुभूमिक्षेत्रका राजपुतका घरानासँग सम्बन्धित भनेका छन् । जतिबेला मुश्लिमहरूले राजपुतनाहरूलाई आक्रमण गरी सबैलाई मारे र त्यसबाट बाच्न सफल भएका राजकुमारी र राजपरिवारका अन्य सदस्य भाग्न सफल भए र तिनीहरू राजपरिवारका सदस्य, नोकरहरू जो तल्लो जातका थिए । धेरै वर्ष सम्म सँगै बसे । राजकुमारीहरूले नोकरसँगै विवाह गरे र तिनीहरूबाट जन्मिएका सन्तान थारू कहलिए । थार मरुभूमिबाट आएका हुनाले यिनीहरूलाई थारू भनेर लेखकहरूले लेख्न थाले (नेपाल,२०३३) ।

नेपालको पूर्वीभागमा बस्ने थारु जातिको सांस्कृतिक पक्ष पनि बाहिरबाट बसाईसरी आउने अन्य जाति तथा संस्कृतिको प्रभावले कमजोर हुँदै गएको पाइन्छ । थारुहरु आफूलाई तराईको मौलिक आदिवासी जातिको रुपमा विश्वास गर्दछन् । कसैले थारु आफुलाई कपिलवस्तुको शाक्यवंशसँग सम्बन्धित रहेको, सिद्धार्थ गौतम बुद्धको पुस्ता मान्दछन् (रेग्मी, २०३५:८२) ।

पूर्वी तराईमा बसोबास गरिरहेका थारुहरुको सामाजिक सांस्कृतिक तथा अन्य पक्षहरुमा केही प्रकाश पार्ने जमर्को गरेका छन् । उनका अनुसार थारु जातिको बारेमा विभिन्न अनुसन्धान तथा खोज  भए तापनि उनीहरु को थिए ? कहाँबाट कसरी आए भन्ने कुरा रहस्यमय नै छ । कति विद्वान्हरु यो जातिको पूर्खा मंगोलियन मान्दछन् भने कति यसलाई आर्य राजपुत वंशज मान्दछन् (शर्मा, २०४४) ।

थारू जातिको उत्पत्तिको सम्बन्धमा प्रस्ट्याउदै भनेका छन् कसैले यिनीहरूलाई सिन्धुप्रदेशको थार भन्ने ठाँउबाट नेपाल आएका हुन भने कसैले मुसलमानी आक्रमणबाट बच्न चितौढ (भारत) बाट पहाडी भू-भागतर्फ आएको जाति हो भनेका  छन् । कसैले शाक्य वंशका आपसी सम्बन्ध टुट्दै गएपछि यस वंशबाट सम्बन्ध हटेर अलग्गै नामधारी समाजमा परिणत भएको समाजनै आजको थारू समाज हो भनेका छन् । त्यसैगरी कसैले भारतको थारमरूभूमिबाट यिनीहरू नेपाल आएका हुँदा थारू कहलिएका हुन भनेका छन् । कसैले थारू आदिमकाल देखिनै यहीका बासिन्दा हुन् भनेका छन् । यसरी अनुसन्धान पिच्छे फरक फरक मतहरू अघि सारेर यो जातिको मुलथलो नै विवादित हुनपुगेको छ । तापनि थारूवासी नेपालको आदिवासीनै हुन् (पाण्डे, २०६०)  ।

विभिन्न (थार मरुभूमि, थरुवा, स्नानु, टिकाउ, शीवजीको एक) थारू शब्दोत्पत्ती गाँसिन्छ । राजपुताना (राजस्थान), काराजपुत, हुण, बृज्जी, किरातसँग ठूलो संख्यामा छरिएर रहेका यी जाति खासगरी पूर्वीतराइमा यी जाति झापा, मोरङ क्षेत्र र पश्चिममा भित्री मधेशमा दागं उपत्यका, सुर्खेत, तराईमा कैलाली, कञ्चनपुर, बर्दियामा बसेका यिनको क्षेत्रलाई थारूवान वा थरुहट भन्दछन् (पाण्डे, २०४२) ।

नेपालका थारू जातिको उत्पतिको सम्बन्धमा विभिन्न प्रकारको राय पाईन्छ । केही विद्वानहरूले थारूहरूलाई शाक्य वंश सँग सम्वन्धित गरी यिनीहरूको उत्पत्ती नेपाल भित्र नै

भएको बताउँछन् भने रानाथारूहरूले आफुलाई राजपुत भन्दछन् । भारतमा मुगलबाट राजपुत पराजित भएपछि तिनीहरूको पत्नीहरू नोकरहरूलाई लिएर नेपालको तराई प्रवेश गरे । उनीहरूका पतिहरूलाई त्यही लडाईमा मारियो । त्यसैले ती महिलाहरू नोकरहरूलाई नै पति बनाएर बस्न बाध्य भए । यिनै राजपुत महिलाहरूले नोकरबाट जन्माएका सन्तान नै थारू भए भन्ने किम्बदन्ती रहेको छ (अधिकारी, २०५६) ।

त्यस्तै कसैले थारूहरू भारतको थारमरुभूमिबाट आएको उल्लेख गरेका छन् । कसैले थरथर काप्ने जाति भएकाले तिनीहरूलाई थारू भनिएको बताउछन् । त्यस्तै अर्का मत अनुसार दारुखाने जाति भएकाले दारुबाट अपभ्रशं हुदै गएर थारू शब्द बनेको भनिन्छ ।

थारू जाति भारतको बज्जीगन राज्य (आजको विहार, राज्यको चम्पारन, मजफरपुर र दरभंगा जिल्ला समावेश भएका) बाट विस्थापित भई नेपालको जंगलमा प्रवेश गरेका थिए । त्यस्तै गरी अर्का मत अनुसार भगवान बुद्धका पिता शुद्दोदनको दरबार भएको ठाँउ तिलौराकोटको वरिपरी घनाथारू बस्ती भएकाले शुद्दोदन पनि थारू जातिका हुनसक्ने वा थारू जाति शुद्दोदनका सन्तती हुनसक्ने अनुमान लुम्बिनीको खोज गर्ने विद्धानहरूले व्यक्त गरेका छन् (भट्टराई, २०६०)।

यस अध्ययन क्षेत्रको थारु समदायका व्यक्तिहरु कृषि पेशा अपनाउदै आएका छ तर कृषि पेशाले घरपरिवारको रोजिरोटी, ईच्छा आकन्छा, व्यवहार चलाउन अहिले समस्या भएको कारणले जमिनलाई नगद वा खण्डिकरण गरी घरघडेरी विक्री गरिरहेको अवस्था छ भन्ने अर्को वैकल्पिक उपायको रुपमा वैदेशिक रोजगारीमा जान थालेको हो ।

## १.३ समस्याको कथन

नेपालमा जनसंख्या वृद्धि र औधोगिकरणको कमिले देश भित्रको जनशक्ति त्यसै खेर गइरहेको छ । देश भित्रका अत्यधिक जनशक्ति कृषिमा भर परेका र अन्य रोजगारीको वैकल्पिक उपायहरु कम भएको अवस्थाले पनि वैदेशिक रोजगार एक महत्वपूर्ण विकल्पको रुपमा देखा परेको छ । कृषि क्षेत्रको विकास नेपालको मेरुदण्ड भएता पनि उचित र वैज्ञानिक रुपले विकास हुन नसकि कृषि उत्पादनमा ह्रास आई आधारभूत आवश्यकता परिपूर्ति गर्नमा नै नेपालीहरुलाई धौ-धौ परिरहेको अवस्था छ । त्यसैगरि १० वर्षे जनयुद्धका कारण लथालिङ्ग भएको नेपालको विकासका पूर्वाधारहरु हालसम्म पनि राजनैतिक अस्थिरता कायम नै रहेको अवस्थाले देश विकासका

क्रियाकलापहरु सुचारु रुपले सञ्चालन हुन सकिरहेको छैन । जसको कारण बेरोजगारी र अर्धबेरोजगारी दुवै वैदेशिक रोजगारमा जान बाध्य भएका छन् (डाँगी, २०६८: २) ।

वर्तमान समयमा यहाँ रोजगारी, अर्धबेरोजगारी र बेरोजगारी गरि ३ खालका श्रमशक्तिहरु देख्न सकिन्छ । रोजगार वर्गमा पनि आफ्ना आधारभूत आवश्यकता परिपूर्ति जेनतेन भएता पनि हाल शिक्षामा आएको प्रतिस्प्रर्धाका कारण आफ्ना सन्तत्तिहरुलाई राम्रा तथा निजी विधालयमा पढाउने चलन वृद्धि भइरहेको छ । तुलनात्मक रुपमा सरकारी विधालयमा भन्दा निजी विधालयमा पढाइ राम्रो हुन्छ भन्ने मान्यताले गर्दा अविभावकहरु निजी विधालय तर्फ आकर्षण बढि रहेको देखिन्छ । तसर्थ ती रोजगार वर्गलाई पनि आफ्नो घरायसी आवश्यकता परिपूर्ति गर्न धौ-धौ परिरहेको छ र विदेशमा गई धेरै कमाइ हुन्छ भनेर, भविष्यमा धन-सम्पत्ति धेरै जोड्न सकिन्छ भनेर र आफ्नो पारिवारिक जीवन सुखमय पार्न सकिन्छ भनि वैदेशिक रोजगारमा गएका छन् । त्यस्तै अर्ध बेरोजगारी वर्गमा पनि आफ्ना आधारभूत आवश्यकता परिपूर्तिमा समस्या परिरहेको छ । ती आधारभूत आवश्यकता परिपूर्ति सहज र सरल हुनुका साथै केहि कमाइ बचत गर्न सकिन्छ कि भनि वैदेशिक रोजगारमा संलग्न भएका छन् । अर्का थरी वेरोजगार वर्गमा दक्ष तथा अदक्ष दुवै खालका जनशक्ति पर्दछन् । यी जनशक्तिहरुमा पनि स्वदेशमा आफ्नो योग्यता, क्षमता अनुसारको रोजगार नपाएर, पढाइ बिचैमा छाडेका, आर्थिक अवस्था कमजोर भएका, साथीभाई विदेशिएको देखेर, घर-परिवारको सल्लाह आदि कारण पनि वैदेशिक रोजगारमा जान बाध्य भएको देख्न सकिन्छ ।

अहिलेसम्म यस विषयमा यस क्षेत्रबाट अध्ययन गरेको नपाएको र वैदेशिक रोजगारमा यस क्षेत्रका व्यक्तिहरुको उल्लेख्य सहभागिता भएको पाइन्छ । वैदेशिक रोजगारको सम्बन्ध आर्थिक पक्ष सित हुने भएकाले आर्थिक परिवर्तन सँगै सामाजिक परिवर्तन पनि संग-सगै हुन्छ । यसरी विभिन्न समस्या (बेरोजगारी, गरिबी, अरुको देखासिकी, अध्ययन गर्न, धेरै कमाइ गर्न) ले नेपाली श्रमिकहरु वैदेशिक रोजगार तर्फको आकर्षणमा वृद्धि हुनुको कारण र वैदेशिक रोजगारमा सहभागिता पश्चात उनिहरुको सामाजिक अवस्थामा के कस्तो परिवर्तन आएको छ, के कस्तो आर्थिक परिवर्तन आए, कमाएको रकम के कस्तो शिर्षकमा खर्च तथा लगानी हुने रहेछ आदि प्रश्नहरु उत्तर हेर्ने सवाल सहित यो शोध निर्देशित गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्यउद्देश्य वैदेशिक रोजगारमा संलग्न घरपरिवारको जीवनस्तरमा आएको आर्थिक परिवर्तनको अध्ययन र यसले समाजमा पारेको प्रभाव तथा वैदेशिक रोजगारप्रति आकर्षण बढ्नुको कारण पत्ता लगाउनु हो ।

१. वैदेशिक रोजगारले घरपरिवारको तहमा ल्याएको आर्थिक परिवर्तन पहिचान गर्न ।

२. वैदेशिक रोजगारले समाजमा पारेको सामाजिक प्रभाव विश्लेषण गर्न ।

## १.५ अध्ययनको महत्व :-

यस अध्ययन क्षेत्र अर्न्तगत अध्ययनको उद्देश्य अनुसार राखिएका प्रश्नहरुलाई आधार बनाएर तथ्याङ्क संकलन विधिहरु जस्तैः- अवलोकन, समुह छलफल, अन्तर्वार्ता, वैयक्तिगत अध्ययन आदिको प्रयोग गर्दै अध्ययन क्षेत्र सर्लाही जिल्लाको सुन्दरपुर चुहडवा गा.वि.स. वाड नं. ८ का वैदेशिक रोजगारमा संलग्न तथा उनीहरुको पारिवारिक जीवनस्तरमा आएको परिवर्तन र सामाजिक सम्बन्धका साथै वैदेशिक रोजगार प्रतिको आकर्षणका विषयमा विविध प्रकारका सूचनालाई आधार बनाएर अध्ययन निश्कर्षको अन्तिम रुप प्रस्तुत गरिने आशा राखेको छु । यस विषयमा स्थानीय स्तरमा पर्याप्त अध्ययन अनुसन्धान नभएको र यो अध्ययन पश्चात अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ता तथा संघ संस्थालाई यो द्धितीय स्रोत हुनसक्छ । यस अध्ययनले भविष्यमा अध्ययन गर्न चाहने अनुसन्धान कर्तालाई मार्ग दर्शनको काम गर्न सहयोग गर्दछ । यति मात्र नभएर समाजशास्त्रीय हिसाबले वैदेशिक रोजगारीलाई बुझ्ने र अध्ययन गर्न चाहने भावी अनुसन्धानकर्तालाई पनि यो एउटा जानकारी प्राप्त गर्न सहयोगी हुन सक्छ ।

## १.६ अध्ययनको संगठनात्मक स्वरूप

प्रस्तुत शोधलाई जम्मा ६ अध्यायमा विभाजन गरिएको छ, जस अन्तर्गत अध्याय एकमा शोध पत्रको विषयवस्तुको अध्ययनका लागि विषयवस्तुको सान्दर्भिकतालाई पुष्टि दिने खालको परिचय दिने किसिमले परिचयात्मक पृष्ठभूमिबाट सुरू गरिएको छ । यसका साथै वैदेशिक रोजगारको परिभाषा, थारु जतिको उत्पति र परिचय, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व आदिको बारेमा उल्लेख गरिएको छ ।

यसै गरी अध्याय दुईमा पूर्व साहित्यको अध्ययन गर्ने क्रममा वैदेशिक रोजगारीको बारेमा पाइएका लेख रचना, पुस्तक, पत्रपत्रिकाका साथै सम्बन्धित विषयमा समाजशास्त्रीय, मानवशास्त्रीय लगायत अन्य व्यक्तिहरूले वैदेशिक रोजगार सम्बन्धी गर्नु भएका अध्ययनलाई पनि उल्लेख गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान पद्धति अन्तर्गत अध्ययनको लागि सुन्दरपुर चुहडवा गा.वि.स. वडा नं. ८ अन्तर्गतबाट वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूलाई छलफल विधिका आधारमा छनोट गरिएको छ । यसका साथै यस अन्तर्गत अध्ययन क्षेत्रको छनौट, अनुसन्धानको ढाँचा, समग्र र नमुना छनौट, तथ्याङ्क संकलन विधि अन्तर्गत अन्तवार्ता, अवलोकन, समुह छलफल र अध्ययन सीमाका बारेमा उल्लेख गरिएको छ ।

अध्याय चारमा भौगोलिक तथा सामाजिक परिचय अन्तर्गत अध्ययन क्षेत्रको परिचय लगायत यस क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्नहरूको सामाजिक विवरण, उमेर, लिङ्गगत विवरण, पेशा, आम्दानी, जमिन, वैदेशिक रोजगारमा जानुपर्ने कारणहरू, आदिको बारेमा उल्लेख गरिएको छ।

अध्याय पाँचमा वैदेशिक रोजगार सामाजमा ल्याएको आर्थिक परिवर्तन सम्बन्ध अन्तर्गत वैदेशिक रोजगारको प्रक्रिया र वैदेशिक रोजगारमा संलग्न र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको पेशा, आम्दानी तथा खर्च, आर्जित पैसाको उपयोग, सामाजिक तथा आर्थिक प्रभाव, वैदेशिक रोजगार प्रतिको दृष्टिकोण बारेमा उल्लेख गरिएको छ ।

साथ-साथै अध्याय छ मा यस शोधपत्रको लागि जति पनि अध्ययन तथा अनुसन्धान गरिएको हो त्यसको सिलसिलाबद्ध रूपमा सारांश र निष्कर्षको बारेमा उल्लेख गरिएको छ ।

# अध्याय - दुई

# पूर्व साहित्यको अध्ययन

## २.१ नेपालमा वैदेशिक रोजगारको इतिहास :

वैदेशिक रोजगार भनेको नेपाली नागरिकले विदेशमा पाउने रोजगार वा श्रोत सृजना र त्यसको परिचालनका लागि बजार विकास गर्नु हो । नेपालमा वैदेशिक रोजगारको शुरुवात १६ औं शताब्दीमा राम शाहको पालाबाट भुटानका राजाको गुम्बा निर्माण गर्न सिकर्मी, डकर्मी, धातुकर्मीका रुपमा कामदार आपूर्ति र चीनमा अरनिकोलाई मूर्ति बनाउन लगे पश्चात शुरु भएको भएता पनि मूलतः भारत, संयुक्त अधिराज्य, ब्रुनाइ, मलायमा काम गर्ने लाहुरेबाट प्रथम विश्वयुद्धताका यसको विकास भएको पाइन्छ (Foreign Employment Sector, 2012)। यसरी एक देशको श्रमिक अर्को देशमा रोजगारको लागि जाने परिपाटिबाट नै वैदेशिक रोजगारको शुरुवात भएको हो ।

वास्तवमा वैदेशिक रोजगारको शुरुवातको इतिहास धेरै पहिला देखि शुरु भएता पनि नेपालबाट विदेश जाने थालनी करिब २०० वर्ष पहिले अर्थात सन् १८१४ मा नेपाल र इष्टइन्डीया कम्पनी सरकारबीच भएको युद्ध समाप्ति पछि भएको पाइन्छ । यसरी सर्वप्रथम वैदेशिक रोजगारको शुरुवात ब्रिटिस गोर्खा सेनाबाट भएको हो । संगठित र असंगठित रुपमा विदेशी सैनिक सेवा र अन्य कामदारको रुपमा नेपालीहरु विदेश जाने क्रम धेरै लामो समयसम्म चलिरहेको पाइन्छ । विगत २० वर्ष देखि नेपाली कामदारहरु मुख्य रुपमा खाँडी मुलुक तथा मलेसियामा संस्थागत रुपमा वैदेशिक रोजगारका लागि जाने गरेको पाइन्छ । वैदेशिक रोजगार हाल बाध्यात्मक हुनुको प्रमुख कारण देशमा भएको बेरोजगारी समस्या, आन्तरिक द्वन्द तथा स्वदेशी उधोग तथा कलकारखाना क्रमशः बन्द हुँदै जानु पनि हो (Aakarshan International, 2012) । नेपालीहरु विदेशिनुमा शिक्षित तथा वौद्धिक वर्गले पनि आफ्नो क्षमता अनुसारको रोजगार नपाउनु, गरिबी, सिजनेबल रोजगार, साथिभाई गएको देखेर, धेरै कमाइ गर्न र भर्खरै बामे सर्न लागेको घरेलु उधोगबाट उत्पादित सामानले विदेशी उत्पादन सित प्रतिस्प्रर्धा गर्न नसकेर धारासायीमा पर्न गयो । यसरी नेपालीहरु रोजगारको लागि विदेश जाने प्रचलन शुरु भएको हो ।

सन् १८१५ भन्दा अगाडी नेपालीहरु भारतको आसाम, मणिपुर, मेघालय, दार्जिलिङ्ग, भुटान, वर्मा आदि ठाउँहरुमा वैदेशिक रोजगारीको लागि गएको पाइन्छ । ती ठाउँहरुमा नेपाली श्रमिकहरुद्वारा कृषि, कोइला खानि, जंगल फडानी, रबर खेती, चिया बगान जस्ता आदि क्षेत्रमा रोजगारीका लागि जाने गरेको पाइन्छ । यसका साथै उनीहरुले विदेशमा सिकेका सीपलाई समेत सँगै ल्याएको पाइन्छ । जसको उदाहरण नेपालमा सञ्चालित चिया खेतीलाई लिन सकिन्छ (गौतम, २०५८: १०) । यसरी नेपाल र भारतको खुल्ला सिमानाका कारण धर्म, संस्कृति, आर्थिक, सामाजिक आदि पक्षहरुको समानताका कारण पनि बिना रोकावट नेपालीहरु जाने आउने गरेको धेरै पहिला देखि पाइन्छ ।

सन् १८१६ को सुगौली सन्धिपछि तत्कालिन सम्झौता अनुरुप इष्टइण्डिया कम्पनिले ३ वटा रेजिमेन्ट स्थापना गरि लाहोरमा राखियो । यसरी रेजिमेन्टमा भर्ना हुन प्रायः नेपालीहरु लाहोर जाने गर्दथे । त्यसैले लाहोर जाने नेपालीले उसका परिवारका अन्य सदस्यहरुलाई पनि सँगै लाने र त्यहाँका कलकारखाना, होटल आदिमा काममा लगाउन थाले । यसप्रकार इष्टइण्डिया रेजिमेन्टमा भर्ना हुनेहरुमा हालको गोर्खा, लमजुङ्ग, तनहुँ, कास्की आदि क्षेत्रबाट बढि जाने र त्यसबेलाको नेपाली पहिचान नेपाली भन्दा गोर्खालीको नामले चिनिन थालियो । यसरी विदेश हिन्दुस्तान जाने आउने नेपालीलाई नेपालमा “लाहुरे” र विदेशमा गोर्खाली भन्न थालिएको हो (पोखरेल, २०५७: ४) ।

सन् १९५० पछि अर्थव्यवस्था खुल्ला रुपमा अगाडी बढ्न थालेको पाइन्छ । सन् १९६३ पछि नेपाली आप्रवासीहरुलाई विविध ठाउँमा दुःख दिएको, रोजगारीमा गएका व्यक्तिले दुःख पाएका समाचारहरु प्रकाशमा आउन थालेपछि निजि क्षेत्रहरुको सहभागिता पनि विभिन्न देशहरुमा वृद्धि हुन थालेको पाइन्छ । नेपाल सरकारले वि.सं. २०२८ सालमा श्रम विभाग र वि.सं. २०३८ सालमा श्रम मन्त्रालयको गठन गरि श्रमलाई व्यवस्थित र परिमार्जित गर्दै लाने निति लिएको हो (डाँगी, २०६८: ६) । यसरी मन्त्रालयको गठन भएपछि विशेषगरि वैदेशिक रोजगारलाई कसरी व्यवस्थित गर्ने र भैपरि आउन सक्ने जटिल समस्याको समाधानका लागि वि.सं. २०४२/०३/०२ गतेबाट लागु हुने गरि वैदेशिक रोजगार ऐन २०४२ को स्थापना भयो । यो ऐन बनेपछि वैदेशिक रोजगारको क्षेत्रमा केहि सरलता र परिमार्जन भएकाले यस क्षेत्रको संस्थागत विकासमा परिवर्तन आयो । पछि यस ऐनलाई विभिन्न समयमा संशोधन गरि हाल

मिति २०६४/०५/१९ गतेबाट लागु हुने गरि संशोधित वैदेशिक रोजगार ऐन २०६४ निर्माण भएको हो (वैदेशिक रोजगार ऐन, २०६४)।

वैदेशिक रोजगार ऐन २०४२ बमोजिम कार्य क्षेत्र बिस्तार गरि श्रम तथा रोजगार प्रवर्द्धन विभाग नामाकरण गरिएको हो । वैदेशिक रोजगारीलाई अझ मर्यादित, व्यवस्थित र सुरक्षित बनाउनको लागि मिति २०६५ पौष १६ गते वैदेशिक रोजगार विभागको छुट्टै स्थापना भएको छ । हाल वैदेशिक रोजगार विभाग अर्न्तगत अन्तराष्ट्रिय विमानस्थलमा श्रमकक्ष १, आगमन कक्ष १, तथा कोरिया अनुमति प्रणाली (इ.पि.एस) शाखा समेत रहेको छ (Weeklynepal, 2011)। नेपाल जीवनस्तर सर्वेक्षण अनुसार विगत ७ दिनमा कुनै व्यक्तिले कम्तिमा १ घण्टा कुनै आर्थिक काम गरेको वा सो अबधिमा बिदामा बसेको भएता पनि सो व्यक्तिलाई हाल "रोजगार" भनिन्छ (के.त.वि., २०६८:४३)।

अन्तराष्ट्रिय श्रम संगठनले सन् १९८३ मा रोजगारीलाई २ भागमा वर्गिकरण गरेका छन्ः-

(क) तलबी रोजगार : कुनै पनि व्यक्तिले कुनै निश्चित समयमा बिदामा बसेको भएता पनि उनीहरु त्यो कामप्रति औपचारिक रुपमा सम्बन्धित हुन्छन् भने त्यो सम्पूर्ण तलब रोजगार अर्न्तगत पर्दछ। यसरी कुनै व्यक्तिले निश्चित समयमा कुनै काम आम्दानीको उद्देश्यले गर्दछ भने तलबी रोजगार अर्न्तगत पर्दछ।

(ख) स्वरोजगार : कुनै पनि व्यक्ति आफैंले व्यपार-व्यवसाय संचालन ज्याला नलिएर पारिवारिक पालन पोषण नगद वा जिन्सिका लागि आफैंले गर्ने कामलाई स्वरोजगार भनिन्छ (डाँगी, २०६८ः ६) । यसरी कुनै पनि व्यक्ति स्वयंले व्यापार-व्यवसाय तलव नलिई सित्तैमा गर्दछ भने त्यसलाई स्वरोजगार भनिन्छ।

नेपालको अधिकांश जनता ग्रामिण क्षेत्रमा बसोबास गर्दछन् । आर्थिक रुपले सक्रिय जनसंख्याको ७६ प्रतिशत जनता कृषि पेशामा संलग्न भएको पाइएको छ (के.त.वि., २०५८ः ३८)। यसप्रकार नेपालीहरु कृषि पेशामा बढि संलग्न हुनुको मुख्य कारण अशिक्षा र परम्परागत पेशा अपनाउनाले हो भन्ने लागेको छ।

ग्रामिण क्षेत्रमा उत्पादन र रोजगारीको अबसर कम हुने र कृषि पेशा पनि जीवन धान्ने खालको हुँदा वार्षिक थप भएका श्रम शक्तिहरुलाई रोजगारको समस्या परिरहेको छ । यहाँका

उधोग तथा कलकारखानाहरुमा रोजगारीको खोजिमा नै ग्रामिण क्षेत्रबाट शहर पसेको पाइन्छ । शहरमा पनि जनसंख्याको अत्यधिक चाप र आन्तरिक बसाइसराइका साथै कामको खोजिमा आउने, खुल्ला सिमानाका कारण हुने बाह्य बसाइसराई एवं कामको खोजीमा यहाँ आउने भएकाले पनि बेरोजगारी झन बिकराल समस्याको रुपमा देखिएको छ । यहि कुरालाई ध्यानमा राखि नेपाल सरकारले मुलुकभित्र दिर्घकालिन व्यवस्थामा सुधार गर्दै आइरहेको छ (पण्डित, २०५६: ४१) । यसरी मुलुकभित्र दिर्घकालिन व्यवस्थामा सुधार गर्ने मुख्य कारक तत्व वैदेशिक रोजगार बन्न गएको देखिएको छ ।

नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारबाट प्राप्त रकमले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । विप्रेषण भन्नाले “विगत १२ महिनामा परिवारलाई आफ्नो परिवारको अनुपस्थित सदस्य वा अन्य कसैले स्वदेश वा विदेशबाट पठाएको रकमलाई जनाउँछ” (के.त.वि., २०६८: ४९) । यसरी आफ्नो परिवारको अनुपस्थितिमा देश वा विदेशबाट पठाएको रकम नै विप्रेषण हो ।

आर्थिक वर्ष २०६६/०६७ मा विप्रेषणको वृद्धिदर १० प्रतिशत थियो । अघिल्लो वर्षको यो वृद्धिदर ४७ प्रतिशत थियो । आ.व.२०६६/०६८ को पहिलो २ महिनामा ३८ अर्ब रुपिया विप्रेषण नेपालमा आएको थियो । गत वर्षको यसै अबधिमा यो अंक ३४ अर्ब रुपिया थियो (Kantipur, 2066)। यसरी नेपालमा वैदेशिक रोजगारबाट प्राप्त रकम एउटा आय आर्जनको मुख्य स्रोत रहेको पाइन्छ ।

यसरी विगत १५ वर्षमा विप्रेषण प्राप्त गर्ने परिवारहरुको प्रतिशत क्रमशः वृद्धि हुँदै गइरहेको छ । पहिलो सर्वेक्षणले जम्मा २३ प्रतिशत परिवारले विप्रेषण प्राप्त गरेकोमा अहिले तेस्रो सर्वेक्षणमा विप्रेषण प्राप्त गर्ने परिवार ५६ प्रतिशत पुगेको देखाएको छ । परिवारको आम्दानीमा विप्रेषणको हिस्सा पनि वृद्धि हुँदै गएको छ । सन् १९९५/९६ मा यो २७ प्रतिशत थियो भने सन् २०१०/११ मा ३१ प्रतिशत रहेको थियो । स्रोतका अनुसार प्राप्त विप्रेषणको संरचनामा परिवर्तन आएको पाइएको छ । यस प्रकार परिवारको आम्दानीमा विप्रेषणको हिस्सा कुल आम्दानीको ३१ प्रतिशत ओगटेको छ (के.त.वि., २०६८: ५०) । यसरी विप्रेषणको प्रतिशत दिन प्रति दिन वृद्धि हुँदै जानुले देश विकासलाई टेवा दिदै आइरहेको छ । यो दिन प्रति दिन वृद्धि हुनुको कारण देशमा वेरोजगार र युवावर्ग विदेशिने परिपाटी प्रमुख कारक तत्व मान्न सकिन्छ ।

आ.व. ०६७/०६८ मा रु.२ खर्ब ५५ करोडको हाराहारीमा मात्र विप्रेषण आउथ्यो । त्यस पछि आ.व. ०६८/६९ मा विप्रेषणको आकार बढेर रु.४३४ खर्ब ६ अर्ब र आ.व. ०६९/०७० को ८ महिनामा रु.३५६ खर्ब ७२ अर्ब रुपियाँ विप्रेषण भित्रिएको थियो । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण कुल ग्राहस्थ उत्पादनको करिब २९.१ प्रतिशतको हाराहारीमा रहेको छ (वैदेशिक रोजगार विभाग, २०७०/०७१)। अहिले वैदेशिक रोजगारमा लाखौंको संख्या छन् । यो संख्या दिनदिनै बढ्दै छ । वैदेशिक रोजगारीको कारण विप्रेषण मार्फत ठूलो धनराशि भित्रिरहेको छ र यो विप्रेषणबाट मुलुकको अर्थतन्त्रमा योगदान पुग्दै आएको छ भन्न सकिन्छ ।

नेपाल सरकारबाट गत आर्थिक वर्ष २०७०/२०७१ मा वैदेशिक रोजगार व्यवसाय संचालन गर्न दिएका १०३२ मेनपावर कम्पनिलाई वैदेशिक रोजगार संचालन इजाजत दिएकोमा हाल ७५२ वटा मेनपावर कम्पनीले व्यवसाय संचालन गरिरहेका छन् (वैदेशिक रोजगार विभाग, २०७०/०७१)।

यसरी नेपाल सरकारबाट संस्थागत रुपमा बैदेशिक रोजगारका लागि खुल्ला गरिएका ११० वटा देशहरुमध्ये हाल २ वटा (ईराक, लिविया) देशलाइ रोका गरिएको छन् । जसको नामावली यसप्रकार छ ।

| | | | | |
|---|---|---|---|---|
| १.अफगानिस्तान | २.अल्बेनिया | ३.अलजेरिया | ४.अर्जेनटिना | ५.अरमेनिया |
| ६.अस्ट्रेलिया | ७. अस्ट्रिया | ८.अजेरवैजन | ९.बहराइन | १०.बंगलादेश |
| ११.बेलरस | १२.बल्जियम | १३.बोलिभिया | १४.बोस्निया हज | १५.ब्राजिल |
| १६.ब्रुनिया | १७.बुलगेरिया | १८.क्यान्डा | १९.चिली | २०. चिन |
| २१.कोल्मबिया | २२.कम्बोडिया | २३.कङगो | २४.कोस्टारिका | २५.क्रोसिया |
| २६.क्युबा | २७.साइफरस | २८चेकरिपबलीक | २९.डेनमार्क | ३०. इजिपट |
| ३१.इस्टोनिया | ३२.फिजी | ३३.फिलाइन्ड | ३४.फ्रान्स | ३५.जर्मनी |
| ३६.ग्रेट ब्रिटेन | ३७.ग्रिस | ३८.गौना | ३९.होलिसि | ४०.हङकङ |
| ४१.हङगेरी | ४२.आईल्याण्ड | ४३.इण्डोनेसिया | ४४.इरान | ४५.आयरल्याण्ड |
| ४६.इजरायल | ४७.इटली | ४८.जापान | ४९.जोडन | ५०.कजाकिस्तान |
| ५१.केनिया | ५२.कोसोभो | ५३.कुवेत | ५४.लोस पिडिआर | ५५.लटभिया |
| ५६.लेबनान | ५७.लग्जुर्म्बग | ५८.मकाउ | ५९.मलेसिया | ६०.माल्दिवस |
| ६१.मालटा | ६२.मेकोडोनिया | ६३.मेक्सिको | ६४.मोलडोभा | ६५.मंगोलिया |
| ६६.मोरिस्स | ६७.मोरोको | ६८.मोजामविक | ६९.म्यानमार | ७०.नेदरल्याण्ड |
| ७१.न्युजिल्याण्ड | ७२.निकारगुवा | ७३.नाइजेरिया | ७४.नर्वे | ७५.ओमान |
| ७६.पाकिस्तान | ७७.पनामा | ७८.पेरु | ७९.पोल्याण्ड | ८०.पोर्चुगल |
| ८१.कतार | ८२.रि.कोरिया | ८३.रि.स्लोभाक | ८४.रुमेनिया | ८५.रसिया |
| ८६.साइपन | ८७.साउदी अरेयिबा | ८८.सिङ्गापुर | ८९.स्लोभेनिया | ९०.साउथ अफ्रिका |
| ९१.स्पेन | ९२.श्रीलंका | ९३.स्वीडेन | ९४.स्वीजरल्याण्ड | ९५.सिचेल्सी |
| ९६.तेन्जानिया | ९७.थाइल्याण्ड | ९८.फिलिपिन्स | ९९.टुनेटिया | १००.टर्की |
| १०१.युगाण्डा | १०२.युक्रेन | १०३.अमेरिका | १०४.उजबेगिस्तान | १०५.भेनेजुयेला |
| १०६.भियेतनाम | १०७.जामविया | १०८.संयुक्त अरब इमिरेट्स | | |

स्रोतः-वैदेशिक रोजगार विभाग, २०७०/०७१.

नेपालको सन्दर्भमा वैदेशिक रोजगार विभागका अनुसार आ.व.२०६७/०६८ मा नेपालीहरु बैदेशिक रोजगारीमा जानेहरुको संख्या ३ लाख ५४ हजार ७ सय १६ जना रहेकोमा

सो संख्या करिब ८ प्रतिशतले वृद्धि भई आ.व.२०६८/०६९ मा ३ लाख ८४ हजार ६ सय ६५ जना, आ.व. २०६९/०७० मा यो संख्या करिब ८ प्रतिशतले वृद्धि भई ४ लाख ५३ हजार ५ सय ४३ जना र आ.व. २०७०/०७१ मा करिब ८ प्रतिशतले वृद्धि भई ५ लाख २७ हजार ८ सय १४ जना नेपालीहरु विभिन्न देशमा विदेशिएको देखिन्छ ।

वि.स. २०५२ मा ने.क.पा. माओवादीले सशस्त्र जनयुद्ध थालेपछि द्वन्दका कारण नेपाली युवा युवतीहरू विदेशिने क्रम ह्वात्तै बढेको देखिन्छ । तर माओवादी २०६३ सालमा शान्ति प्रक्रियामा आए पछि मुलुमकमा लोकतन्त्र स्थापना भएपनि नेपालीहरू विदेशिने क्रम रोकिएन । यस तथ्याङ्कलाई हेर्ने हो भने द्वन्दको मारमा पर्नु भन्दा स्वदेशमा रोजगारीको अभावले नेपालीहरू विदेशिएको स्पष्ट हुन्छ । यसका साथै व्याप्त अशिक्षा, बेरोजगारी, न्युनतलब, निरन्तरको द्वन्द र रोजगार कम्पनीको अभावमा नेपालीहरू विदेशिने गरेको कुरा तथ्याङ्कले देखाउँछ । देशमा पटक-पटक सरकार परिवर्तन भएपछि रोजगारीको सिर्जनाका लागि कुनै पनि सरकारले नयाँ योजना ल्याउन नसक्नु र नेपाली मुद्राको तुलनामा विदेशी मुद्रा बढी हुनुले पनि नेपालीहरू वैदेशिक रोजगारका लागि बढी आकर्षित हुने गरेको देखिन्छ (के.सी., २०६६) ।

यस तथ्याङ्कबाट के प्रष्ट हुन्छ भने नेपालीहरु वैदेशिक रोजगारमा जाने क्रम प्रत्येक वर्ष वृद्धि हुँदै गइरहेको देखिएको छ (डाँगी, २०६८: ८) । हालको अवस्थालाई हेर्दा देशमा १० वर्षे जनयुद्धपश्चात द्धन्द्धका कारण हालसम्म सरकारको स्थिरता नहुनु, स्वदेशी रोजगारको अभावका साथै राजनैतिक परिवर्तन भइरहनु, स्वदेशी घरेलु उधोग तथा कलकारखानाहरु क्रमिक रुपमा धारासायीमा पर्नु आदि समस्याले पनि नेपालीहरु वेरोजगारी भएर विदेशिएको पाइएको छ ।

वैदेशिक रोजगार सम्बन्धी विभिन्न तथ्याङ्क अनुसार विश्वभरिमा २० करोड ५० लाख भन्दा बढि नागरिक आफू जन्मेको भूमि छाडी कामको लागि अन्य मुलुकमा गएको पाइन्छ । नेपालको सन्दर्भमा पनि कामको लागि विदेशिने क्रम बढ्दो रहेको छ (वैदेशिक रोजगार विभाग, २०६८ को पछिल्लो रिपोर्ट) । यसै क्रममा सर्लाही जिल्लाबाट वैदेशिक रोजगारमा संलग्न हुनेहरुको संख्या आ.व.२०६३/०६४ देखि आ.व.२०७०/०७१ सम्ममा पुरुष ५८,६३६ जना र महिला ७०५ जना गरि जम्मा ५९,३४१ जना रहेको छ भने आ.व.२०७०/०७१ मा मात्र पुरुष १४,४३७ जना र महिला २०० जना गरि जम्मा १४,६३७ जना रहेको बताइएको छ (वैदेशिक रोजगार विभाग, २०७०/०७१)। यसरी ग्रामिण क्षेत्रबाट विदेशिने क्रम बढ्नुको उद्देश्य स्थानिय स्तरमा मौसमी रोजगार हुनुले हो ।

## २.२ वैदेशिक रोजगार सम्बन्धी विद्यमान ऐन तथा नीति-नियम

नेपाल सरकारले वि.सं. २०३८ सालमा वैदेशिक रोजगारलाई व्यवस्थित रुपमा विकास गर्न श्रम मन्त्रालयको गठन गरि श्रमलाई व्यवस्थित र परिमार्जन गर्दै लाने निति लिन थालेको पाइन्छ । यसरी मन्त्रालयको गठन भएपछि विशेष गरि वैदेशिक रोजगारलाई कसरी व्यवस्थित गर्ने र भैपरि आउनसक्ने जटिल समस्याको समाधानका लागि वि.सं. २०४२/०३/०२ बाट वैदेशिक रोजगार ऐन लागु गरियो । हाल आएर यस ऐनलाई संशोधन गर्न वि.सं. २०६४/०५/१९ बाट लागु हुने गरि संशोधित वैदेशिक रोजगार ऐन २०६४ निर्माण भएको छ । यस ऐनमा वैदेशिक रोजगार सम्बन्धी कानूनलाई संशोधित गर्न बनेको ऐन प्रस्तावना वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गरि सुरक्षित र मर्यादित बनाउन वैदेशिक रोजगार सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न वान्छनिय भएकाले व्यवस्थापिका संसदले ऐन बनाएको छ ।

“विभाग” भन्नाले वैदेशिक रोजगार विभाग सम्भन्नुपर्दछ । “संस्था” भन्नाले वैदेशिक रोजगार सञ्चालन गर्न प्रचलित कम्पनि ऐन बमोजिम स्थापना भएको संस्था सम्भन्नुपर्दछ । “इजाजत पत्र” भन्नाले वैदेशिक व्यवसाय सञ्चालन गर्दा दफा १० बमोजिम दिएको इजाजत पत्र प्राप्त संस्था सम्भन्नुपर्दछ (वैदेशिक रोजगार ऐन, २०६४) ।

वैदेशिक रोजगार ऐन लागू भएपछि वैदेशिक रोजगार सेवा एवम् व्यवसायलाई व्यवस्थित र संस्थागत रूपले विकास गर्न छैंठौ योजना देखि सुरू भएको हो । यसरी विभिन्न पञ्चवर्षिय योजना लगायत अन्तरिम त्रिवर्षिय योजनामा समेत नेपाली श्रमिकहरूको निम्ति वैदेशिक रोजगारका अवसरहरू पहिल्याउँदै यस किसिमका रोजगारमा वृद्धि गर्दै तथा वैदेशिक रोजगारमा संलग्न श्रमिकहरूको ज्यान धनको सुरक्षाका लागि नेपालका कुटनैतिक नियोग वा अन्य सरकारी  निकायहरूलाई परिचालन गरिने कुरा उल्लेख गरिएको छ (रा.यो.आ. २०६५) ।

## २.३ वैदेशिक रोजगारको सैद्धान्तिक दृष्टिकोण

समाजको एउटा महत्वपूर्ण चरित्रको रुपमा अत्यन्त चल वस्तु भनेको श्रम हो । परम्परा देखि अहिलेसम्म श्रमलाई विभिन्न दृष्टिकोणबाट परिभाषित र निर्देशित गर्ने गरिएको छ । समय अनुकुल परिमार्जित हुँदै जाने समाजमा श्रमको वस्तु स्थिती र परिपाटिले एउटा सैद्धान्तिक दृष्टिकोण ल्याउने गर्दछ । यसलाई विभिन्न दार्शनिक, समाजशास्त्री र अन्य विद्वान वर्गले

विभिन्न दृष्टिकोणबाट समाजमा स्थापित गर्दै पूर्ण मान्यता दिई पुष्टि गरेका छन् । यी विभिन्न मान्यताहरु मध्ये समाजशास्त्रीय दृष्टिकोण यहाँ प्रस्तुत गरिएको छ ।

### २.३.१ विश्वव्यवस्था सिद्धान्त

आधुनिकीकरणको सिद्धान्तले देखाएको सामाजिक संस्थाप्रतिको व्यवस्थाको स्थिति, आधुनिक बन्नलाई पश्चिमी आर्थिक र सामाजिक शैलिको नक्कल गर्नुपर्ने अवस्था तथा विभिन्न देशहरुमध्ये विकासका अवास्तविक सम्बन्धहरुको सृजनाको बारेमा विश्लेषण गर्दै तेस्रो विश्व वा गरिव राष्ट्रहरु किन र कसरी शोषणमा परेका छन् भन्ने देखाउन विश्वव्यवस्था सिद्धान्तको विकास गरिएको हो । जसका मुख्य व्याख्याकार वालरस्टाइन हुन् । यसलाई नव मार्क्सवादी वा परनिर्भरताको सिद्धान्त पनि भनिन्छ । खास गरेर विश्व व्यवस्था सिद्धान्त शुरुमा भौगोलिक विस्तार भयो र त्यसपछिको पृष्ठभूमिबाट विश्ववयापी रुपमा श्रम विभाजन भयो । यसै गरि १६ औं शताब्दिमा आइ पुग्दा पुँजीवाद नै शक्तिशाली बन्न पुग्यो । तर विश्वमा पुँजीवादको विकास समान रुपले भएन् (वालरस्टाइन उद्धित रिट्जर, १९९२) ।

यस सिद्धान्त अनुसार विश्वव्यवस्था अर्न्तगत यसका विभिन्न भागहरु (केन्द्र, अर्धपृष्ठ र पृष्ठ क्षेत्र) विभिन्न कुराका लागि महत्वपूर्ण हुँदै गएका विशिष्ट कार्यहरु (श्रमको उत्पादन, खाधान्न उत्पादन, कच्चा पदार्थको उपलब्धता र प्रयोगका वस्तुको निर्माण) गर्दै गए । जस्तैः- अफ्रिकाले दासको उत्पादन, पश्चिम र युरोपले किसानको उत्पादन र पश्चिम युरोपमा ज्यालादार कामदार शासन गर्ने वर्ग र सिप युक्त प्रशासकहरु रहन पुगे (रिट्जर, १९९२) ।

यसैगरि वालरस्टाइनका अनुसार केन्द्र क्षेत्रमा स्वतन्त्र मजदुर (Free Labour), अर्धपृष्ठ क्षेत्रमा किसानहरु (Sharing Croppers) र पृष्ठ क्षेत्रमा बाध्यात्मक वा बाधा मजदुर (Force Labour) रहन गए । यसरी केन्द्रमा सिपमूलक र स्वतन्त्र मजदुरहरुको वाहुल्यता हुन पुग्यो । यसका साथै केन्द्र क्षेत्रसँग भएका सिपमूलक मजदुरलाई प्रयोग गरि विकसित राष्ट्रले विश्वका विभिन्न ठाउँहरुमा उधोगधन्दा सञ्चालन गरि पुँजीवादलाई विस्तार गर्न थाले (रिट्जर, १९९२) । यसरी ती उधोगधन्दाहरु एशियाका अरवियन मुलुकहरुमा पुँजीवादी राष्ट्रले स्थापना गरे पछि उधोग निर्माण तथा कार्य सञ्चालन र उत्पादन गर्नका लागि अदक्ष र अर्धदक्ष कामदारहरुको आवश्यकता भएकाले रोजगारीको लागि जान  थाल्यो ।

यसरी विश्वपुँजीवाद व्यवस्था अर्न्तगत नेपाल एउटा अदक्ष मजदुर उत्पादन गर्ने राष्ट्रका रुपमा विकसित हुन पुग्यो । यसरी नेपालीहरुको भर्खरै बामे सर्न लागेका घरेलु उधोगबाट उत्पादित उत्पादनले विदेशी उत्पादन सित प्रतिस्प्रर्धा गर्न नसकेर र विदेशी उत्पादन भन्दा महंगो भएकाले यहाँका उधोगहरु क्रमशः धारासायी बन्दै गए । यसरी सम्पूर्ण उत्पादन विदेशी राष्ट्रमा भर पर्नाले आफ्नो देशको उत्पादनले स्थानीय बजार नपाएर पनि ओझेलमा पर्न गयो । जसको परिणाम अन्य देशले सस्तो श्रमिक र कच्चा पर्दाथ सस्तो मूल्यमा खपत गर्ने मौका पाएको छ ।

## २.३.२ बसाइसराईको सिद्धान्त

मानिसहरु बसाइसराई हुने विभिन्न कारणहरु छन् । जसमा आर्कषण (Pull Factor) गर्ने (रोजगारका अबसर, राम्रो जीवनयापन, राजनीति र धार्मिक स्वतन्त्रता, राम्रो हावापानी, साथीभाइ गएको देखेर, विहेको राम्रो अवसर, अध्ययन) तत्व र विकर्षण (Push Factor) गर्ने (रोजगारका अबसर कम, सामाजिक विविधता, राजनीतिक स्थिरता नहुनु, गरिबी, गाँसबाँसमा कठिनाइ, विहेको कम संभावना) तत्व प्रमुख रुपमा रहेको छ । यसरी मानिसहरु आफू र आफ्नो घरपरिवारको भलाइको लागि विविध अबसर र खोजिमा आफ्नो देश वा क्षेत्र छाडेर रोजगारको लागि जानुलाई बसाइसराई भनि प्रष्ट्याउन Lee's theory of migration प्रयोग गरिएको हो (Mariam and Sheth, 2001)।

यस अनुसन्धानमा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको बारेमा अध्ययन गर्दा कसरी सर्लाही जिल्लाको सुन्दरपुर चुहडवा-८ (अध्ययन क्षेत्र) बाट वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको आधारमा विश्व व्यवस्था र बसाँइसराई सिद्धान्तसँग जोडिएको छ । वैदेशिक रोजगारले विशेष गरि आर्थिक क्षेत्रमा परिवर्तन ल्याएको छ । वैदेशिक रोजगारबाट आएको विप्रेषण आय मूलक क्षेत्रमा लगानी हुन सकिरहेको छैन । त्यस आम्दानीलाई परिवारले खाद्यान्न, लत्ताकपडा, विहाबारी, शिक्षा, स्वास्थ्य, जग्गा खरिद, घर निर्माण जस्ता क्षेत्रमा लगानी गरेका छन् । विशेषगरि वैदेशिक रोजगारले परिवारको जीवनशैली, रहनसहनमा परिवर्तन ल्याएको छ र, यसले समाजलाई आधुनिकता तर्फ लगेको देखिन्छ । यसका साथै वैदेशिक रोजगारबाट कमाएर ल्याएको आम्दानी वा पुँजी पुनः केन्द्र स्तरमा वा अन्य मुलुकहरुमा जान्छ । साथै वैदेशिक रोजगारमा जान मानिसहरुलाई Pull गर्ने विविध तत्वहरुमा धेरै अवसर, उधोगधन्दा,

राम्रो जीवनस्तर, धेरै कमाइ गर्न, परिवार वा व्यक्तिको सम्पर्क र Push गर्ने विविध तत्वहरुमा कम रोजगारका अवसर, सामाजिक र आर्थिक कारण, गाँसबाँसमा कठिनाइ, गरिबी आदिका कारण मानिसहरु वैदेशिक रोजगारमा जान्छ भन्ने कुराको वारेमा अध्ययन गरिएको छ ।

## २.४ थारु जातिको सामाजिक सांस्कृतिक अवस्था

थारु जातिको सामाजिक सांस्कृतिक अवस्थाको बारेमा विभिन्न विद्वान्हरुले अध्ययन गरेको पाइन्छ । यसै सन्दर्भमा विभिन्न विद्वान्हरुले थारु जातिका सामाजिक एवम् सांस्कृतिक पक्षमा उल्लेखित भनाइहरु यस प्रकार रहेका छन् । थारू जातिको थर विभाजनलाई विभिन्न समाजशास्त्रीले विभिन्न प्रकारमा वर्गीकरण गरेका छन् ।

थारू जातिको थरलाई १. कठरिया २. कनफट्टा ३. कोचीला ४. खरल ५. खवास ६. खस ७. खा ८. खुनाहा ९. खौसीया १०. गछदार ११. चितौनीया १२. चौधरी १३. जोगी १४. डंगरीया १५. ताबदार १६. थन्दार १७. दनुवार १८. दगौरा १९. दाङबदीया २०. परिहार २१. बदिया २२. बहन्थ २३. बाठ २४. बातर २५. वोक्सा २६. बोट २७. भगत २८. भोटगमीया २९. मभौरा ३०. मर्दनिया ३१ महन्ते ३२ . महाउतो ३३. माभी ३४. मोंरगीया ३५. रभठीया ३६. राजघरीया ३७. राजहातीया ३८. राना ३९. राजी माभी ४०. रौतार ४१ लम्पुछुवा ४२. लालपुरीया ४३. विश्वास ४४. सरदार ४५. सुताहा ४६. सोलरीया ४७. हेमजालीया गरी ४७ थरमा विभाजन गरेका छन्, (शर्मा, २०३९) ।

नेपालमा बसोबास गर्ने थारूजातिका मानिसहरू होचो कद भएका रङ्गमा गहुँगोरो, नाक केही थेप्चो, बाक्लो ओठ भएका हुन्छन् । पुरुषमा दाह्रीजुँगा पातलो हुन्छ भने कसैको हुदैन । त्यसैगरी यस जातिभित्र हालसम्मको रेकर्ड अनुसार २२१ थरउपथर रहेको पाइन्छ (गौतम, २०४४) ।

थारू जाति जनजाति भित्र पर्दछ । तराई क्षेत्रका २२ जिल्लामा थारू जातिको बसोबास रहेको पाइन्छ । हाल नेपालमा यस जातिको संख्या १५,३३,८७९ रहेको छ । यस जातिको वर्ण- वैश्य, गोत्र, कश्यप मातृभाषा- थारू, धर्म-हिन्दु र बौद्ध, पेशा- कृषि र पशुपालन, बसोबास नेपाल र भारत हो (चौधरी, २०५५) ।

थारू जातिका चाँडहरू विभिन्न थरीका छन् । जसमा मुख्य चाडहरू माघे-संक्रान्ति, घुरेही, गुरही, छुटकी दशीया, साउने-संक्रान्ती, हर्दवा, हरेरी, अस्टमी, बडका ऐतवारी, जितिया,

चौचन, घरदेखवा, होली, दशै अष्टमी, छठ, षगार पुजा, जुर्सीतल आदि हुन् । त्यस्तै गरी थारूजातिका प्रमुखनाचमा झुम्रांनाच, बिरतैननाच, बडका नाच, कठघोरी नाच, माधवलाला नाच, गोपी नाच, लट्ठी नाच, चोरखोलीयानाच, जातजातिनाच, झद्दा नाच, बन्ना नाच, मयुर नाच, तरवार नाच, बारमासा नाच, मुङ्गहवा नाच, रासलीला नाच र कठरिया नाच छन् (भट्टराई, २०६०) ।

नेपालका थारूहरूको भेषभूषा ठाँउ अनुसार फरक-फरक छ । थारू जातिहरूले लगाउने कपडा पनि ठाँउअनुसार फरक-फरक छ । मोरङका थारू महिलाले अचराखडकी लगाउँछन् । सुनसरी पर्सातीर खोडकी, भुलाचोली, दाङदेउखुरी तिर गुनीया, चोलीया, लेहङ्गा, कुर्था, अघरान लगाउछन् । त्यस्तै लेहङ्गा, कुर्था अचरा, अंगीया, घाँघर, आँचर लगाउदछन् । त्यस्तैगरी थारू पुरुषहरू भोग्वा, अगुच्छा, धोती, कुर्ता, हाफप्यान्ट लगाउँछन् । थारू महिलाहरू शरीरको अंग अनुसार फरक-फरक गहना लगाउँछन् (चौधरी, २०५५) ।

थारू जातिले मनाउने सवैभन्दा ठूलो चाडपर्वमा बड्का ऐतवार हो । भदौ महिनाको अन्तिम आइतवारलाई बड्का ऐतवार भन्दछन् । त्यसदिन उनीहरूले दशैपर्वमा जस्तैः- देवीदेवताको पूजा गर्दछन् । उनीहरूले यस पर्वमा राम्रा-राम्रा लुगा लगाएर, मिठोमिठो खानाखाएर मनाउँदछन् । यसको अतिरिक्त माघे-संक्रान्ति आफ्नै ढंगले मनाउँदछन् । दशै, तिहार, कृष्ण जन्माष्टमी र अन्य चाडपर्व पनि मनाउँदछन् (सुचना विभाग, २०३१) ।

मगनी भएका र विवाहित थरुनीहरू हात, गोडा र छातीमा गोदना बनाउने चलन छ । यिनीहरूमा आफ्नै जातिय परम्परा भएको पाइन्छ । गर्भवती, नछुने, सुत्केरी भएकी एवं विधवा आईमाईले धार्मिक कार्य मात्र गर्दैनन् । तर अन्य घरायसी कार्यहरू गर्दछन् । छुवाछुतको मान्यता छैन । यिनीहरूका गरगहनामा नाकमा बुलाकी, नत्थी, गलामा मोहरमाला, सुतीया चुऱ्या (चुरा) मुन्द्री, लखौना आदि लगाउने गर्दछन् । तर आजकल हाम्रो जस्तै पर्वतीयहरूको गहनाहरू लगाउने गर्दछन् (विष्ट, १९८६) ।

थारू जातिभित्र खानपिनमा विभिन्न किसिमका परिकार बनाउने प्रचलन रहेको छ, जसमा माड, जाँड, रक्सी, कठवा, खैया, मेथौरी, ठेसौरा, ढिकी, सनुवा, अम्चुर, सीद्रा, लेछरा, सेठौरा, कसार, खुमी, भक्का, फुडकी, अमोठ, घोङ्गी, गङटा, सीन्की, माछा, खिचडी, फुलौरी, मासु आदि हुन्छ (घिमिरे, २०४४) ।

पश्चिमतराईका क्षेत्र दाङ, कैलाली जिल्लामा जुनघरमा छोरी दिइन्छ, त्यही घरबाट बुहारी भित्र्याई साटो विवाह गर्दछन् (गौतम, २०४४) ।

थारू जातिको विवाह संस्कारको बारेमा रामकुमार पाण्डे भन्दछन् - थारू जातिको विवाहमा कन्यादान अघि एक कचौरा विष दिने चलन छ । केही गरी शत्रुको हातमा परेमा आत्महत्या गर्न विष दिई दुलहीलाई डोली वा खटौलीलाई राम्रो सँग सिंगारेर त्यसमा चढाई बिदा गरिन्छ । माइतीले दुलहीको साथमा एउटा बत्ती र विषको प्याला दिएको हुन्छ । यिनीहरूको आफ्नै किसिमको विवाह संस्कार रहेको देखिन्छ (पाण्डे, २०४२) ।

थारू समुदायमा पनि स्थानीय परम्परा नेपाली कानुन अनुरूप निर्माण भएका छन् । उनीहरूका पनि आफ्नै सामाजिक तथा धार्मिक अगुवाहरू हुन्छन् । यी अगुवाहरू Indigenious तवरबाट छानिएका छन् । जसलाई भलमन्सा वा दंगौरामा महतौ भनिन्छ (रजौरे, १९८१) ।

थारूहरूको सामाजिक स्थितीको बारेमा जनकलाल शर्मा भन्दछन् प्रायः थारूहरूको विवाह सानै उमेरमा हुन्छ । ८/९ वर्षको केटाको लागि १५/१६ वर्षकी केटी खोजेर विवाह गरिन्छ । थारूहरू मृत्यु संस्कारलाई जीवनचक्रको एक प्रमुख घटनामध्ये एक मान्दछन् । पूर्वका थारूहरू मृतकलाई नदी किनारमा दाहसंस्कार गर्दछन् । सुदुरपश्चिमका थारूहरू लोग्ने मानिसलाई घोप्टो पारि गाड्दछन् भने स्वास्नी मानिसलाई उत्तानो पारि गाड्दछन् । पुरोहित आफ्नो वर्गको बाहेक ब्राह्मण पनि लगाउने गर्दछन् । यसरी ब्राह्मण वा पुरोहित लगाउने थारूहरू मृत्यु भएको १३ औ दिनमा अन्य हिन्दुहरूले झै काजक्रिया गर्दछन् ( शर्मा, २०३९ : ४१९) ।

थारू जातिको भाषाको सम्वन्धमा मेदीनीप्रसाद धिताल (२०४४) भन्दछन्, थारू जातिमा सवै स्थानको भाषा एकै किसिमको पाइदैन् । पश्चिमका थारूमा अवधि भाषा, मध्ये भागका थारूमा भोजपुरी र पुर्वी भागका थारूमा मैथली भाषाको प्रभाव रहेको छ ।

## २.४.१ थारु जातिको आर्थिक अवस्था

थारु समुदायको बारेमा लेखिएको विविध लेख तथा पुस्तक आदि उपलबध अध्ययन सामग्रीको आधारमा थारुजातिको आर्थिक अवस्था सम्बन्धी विभिन्न विद्वान्का भनाईहरु  यस प्रकार रहेका छन् ।

थारुहरुको आर्थिक स्थिति कृषिमा आधारित छ । आफ्नो आवशयकता पुरा गर्न कृषि उपजलाई बेच्ने तथा साट्ने गर्दछन् । कृषि र त्यसमा आधारित पशुपालन नै थारु जातिको

जीविकोपार्जनको मुख्य स्रोत हो । थारु परिवारका सम्पुर्ण सदस्यहरु बाहिर गएर काम गर्न भन्दा घरमा नै कृषि कार्यमा संलग्न भएका हुन्छन् भने द्रोणप्रसाद रजौरे (१९७७) ले थारु जातिको आर्थिक स्थितिको बारेमा जानकारी दिएका छन् । उनका अनुसार प्रारम्भिक दिनहरुमा थारुहरु नगदको अभावले आफ्नै नाममा नापी भूमि लिनको लागि त्यति इच्छुक थिएनन् ।

उनीहरु खाली भूमिमा खेती गर्न रुचाउँथे किन कि त्यस्ता जग्गाहरुको सीमित अवधिको लागि राजश्व तिर्नु पर्दैनथ्यो । त्यहाँबाट फेरि उनीहरु सो जग्गा सुपथ मूल्यमा बिक्री गरी नेपालको पश्चिम क्षेत्र बर्दिया, कैलालीतिर जुन जग्गामा राजस्व तिर्नु पर्दैनथ्यो, नयाँ जग्गामा खेती गर्नका लागि जान्थे । थारूहरूको आर्थिक स्थितिको बारेमा डा. मेदीनीप्रसाद शर्मा ( २०४४:७६) भन्दछन् थारूहरू सिकर्मीको काम आफै गर्दछन् । तेल पनि आफै बनाउँदछन् । खेतीनै थारूहरूको एकमात्र व्यवसाय हो । खेतीको काममा थारू जातिको जति परिश्रमी अरु कमै हुन्छन् । एउटा हलोको लागि उनीहरू ३ जोडा गोरु राख्दछन् । थारूहरू माछा मार्न ज्यादै मन पराउँदछन् । थारूहरू प्रायः घरमा बसेको समयमा त्यसै निष्कृय भई बस्दैनन् । उनीहरू केहीनकेही काम गरिरहेकै हुन्छन् । थारूहरूले बर्खेवाली र हिउँदेबाली लगाउदछन् । बर्खेवालीमा धान र सनपाटको खेती गर्दछन् भने हिउदे बालीमा चना, मसुरो, केराउ, गँहु लगाउँदछन् । थारूहरूले भर्खर भर्खर आधुनिक तरिकाबाट खेती गर्न थालेको देखिन्छ । थारूहरूको आर्थिक अवस्था अधिकांश रूपमा दयनिय नै देखिन्छ । पाहुनाको सत्कारमा बढी खर्च, जाँड रक्सीको प्रयोग, पुरानै ढंगमा खेती गर्ने प्रणाली, खेती मात्र एक मुख्य पेशा आदिको कारणले थारू जातिको आर्थिक अवस्थामा सुधार भएको देखिदैन ।

## २.४.२ थारु जातिको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षमा आएको परिवर्तन

वर्तमान समयमा थारु जातिको विविध पक्षजस्तै  सामाजिक सांस्कृतिक आर्थिक पक्षमा पनि परिवर्तन  आएको पाइन्छ । यिनै परिवर्तनहरुका सम्बन्धमा विभिन्न विद्वान्हरुका उल्लेखित भनाइहरु यस प्रकार रहेका  छन् -

थारू जातिको सामाजिक होस वा सयुक्त परिवारमा बाबुको मुख्य भूमिका हुन्छ अनि जेठा छोराको स्थान हुन्छ । तर बदलिदो सामाजिक प्रवाहमा समयले निकै परिवर्तन ल्याईसकेको छ । आज भोलिका नयाँ पिढीका कान्छा केटाहरूले पनि आफ्नो परिवारमा आफ्नो बराबरीको हकको माग गर्दै आएका छन् । यस प्रकारको नयाँ पिढीहरूको मान्छेहरूको सक्रियतामा नै

सयुक्त परिवारको विखण्डन हुने अवस्थाको प्रारम्भिक लक्षण हो । यिनै विशेष अवस्थाले नै परिवार फुटेर गएको हो भन्न सकिन्छ र पुरानो संयुक्त परिवारको सामाजिक बनोटमा परिवर्तन भएको पाइन्छ (रेग्मी, २०३५: ८२) ।

राजेश गौतम र अशोककुमार थापामगरले थारू जातिको सामाजिक, साँस्कृतिक स्वरूपमा आएको परिवर्तन बारे प्रष्ट्याउदै भनेका छन् । थारूहरू तराई प्रदेशमा फैलिएर बसेका छन् र अचेल उनीहरूका रहनसहन, मुल्यमान्यता, विश्वासहरू पहिले जस्तो समान प्रकृतिको देखिदैनन् । तर आजकल यिनीहरूमा पनि परिवर्तन देखिन थालेको छ । अहिले विश्वमा देखिएको विकासको गतिसँगै यिनीहरू पनि राम्रो जीवनको लागि संगठित भएर हिडेका छन् । अहिलेका थारूहरू पनि राष्ट्रिय मूलधारमा समाहित भएका छन् र आधुनिक चिकित्सा प्रणाली, शिक्षा जस्ता क्षेत्रमा सहभागी भई स्थिर सामाजिक, तथा साँस्कृतिक स्वरूपमा परिवर्तन देखिन थालेको आभाष पाइन्छ (गौतम र थापामगर, १९९४) ।

द्रोणप्रसाद रजौरे (१९७७) ले आफ्नो सोधपत्रमा दाङका दंगौरा थारूको मानवशास्त्रीय अध्ययन गरेका छन् । यस अध्ययनमा तिनीहरूको चाडपर्व र आर्थिक, सामाजिक पक्ष आदिमा अन्य जातिको प्रभावमा भईरहेको परिवर्तनको बारेमा वर्णन भएको छ ।

सामाजिक गतिविधिको रफतार दिनप्रतिदिन बढिरहेको विश्वमा थारु समुदायको भौतिक साधन र जीवन पनि झन झन स्तरीय बाटोमा विभिन्न समुदायसँगको सांस्कृतिक आदान प्रदानबाट प्रभावित भइरहेको छ । जसको कारणले उनीहरुलाई धनको खाचोको अनुभव भइरहेको छ । नुन, तेल, लुगा फाटोको अतिरिक्त अव अन्य सहरीय वातावरणको आगमनले उनीहरुमा नयाँ नयाँ फेसन र इच्छाको अभिवृद्धि गरिरहेको छ । त्यसो हुनाले उनीहरुको सम्पूर्ण जनजीवनमा झनै परिवर्तनको आभाष मिलिरहेको छ (रेग्मी, २०३५:८२) ।

यसरी विभिन्न विद्धानहरूले नेपालको तराई तथा भित्री मधेशमा बसोबास गर्ने आदीबासी थारू जातिको उत्पति, बसोबास, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको बारेमा विभिन्न अध्ययन, अनुसन्धान तथा शोधकार्य गरी प्रकाश पार्ने जर्मर्को गरेका आदीवासी भए तापनि समाजशास्त्रीय दृष्टिकोणले उनीहरूको सामाजिक तथा आर्थिक अवस्थाबारे त्यतिको गहन अध्ययन भएको पाइदैन ।

# अध्याय - तीन

# अनुसन्धान पद्धति

यस अध्यनमा सुन्दरपुर चुहडवा गा.वि.स. वडा नं. ८ अन्तर्गत थारु परिवारबाट वैदेशिक रोजगारमा संलगन व्यक्तिहरूको पारिवारिक, सामाजिक, आर्थिक, शैक्षिक आदि अवस्थाको अध्ययन तथा अनुसन्धान तथ्याङ्क संकलनका विधिहरुमा कुन-कुन विधिहरु अपनाइयो, अनुसन्धानलाई तथ्यपरक बनाउनको लागि कस्तो-कस्तो द्वितीय स्रोतहरु प्रयोगमा ल्याइयो, प्राथमिक तहको जानकारीहरु कुन-कुन पद्धतिबाट लिइयो, प्राप्त जानकारी तथा तथ्याङ्कहरुलाई कसरी व्याख्या विश्लेषण गर्ने आदि सवालहरुको यो खण्डमा संक्षिप्त व्याख्या गरेएको छ ।

## ३.१ अध्ययन क्षेत्रको छनौट

यो अनुसन्धान सर्लाही जिल्लाको दक्षिणी तराई भेगमा पर्ने सुन्दरपुर चुहडवा गा.वि.स.को वडा न. ८ पिपरा भितामा गरिएको हो । यस ठाउँमा विविध जातजाति समुदायको बसोबास रहेको छ । यस क्षेत्रमा बसोबास गर्ने समुदायको जीवन निर्वाहका प्रमुख स्रोत कृषि नै रहेको छ । रोजगारीका संभावना ग्रामिण क्षेत्रमा प्रशस्त नभएकाले जनशक्तिहरु वैदेशिक रोजगारमा जाने क्रम निरन्तर रुपमा वृद्धि भइरहेको छ । वैदेशिक रोजगारले व्यक्तिगत, पारिवारिक तथा सामाजिक सम्बन्धमा पारेको प्रभाव तथा परिवर्तनहरु देख्न सकिन्छ । किनकि रोजगारमा संलग्न भइसकेपछि संलग्न व्यक्ति वा उसको घरपरिवार आर्थिक रुपमा मजबुत भइ सामाजिक रुपमा ऊ र उसको परिवारलाई समाजले हेर्ने दृष्टिकोण फरक पाइएको छ । अतः मेरो अध्ययनको उद्देश्य वैदेशिक रोजगारले घरपरिवारको तहमा ल्याएको आर्थिक परिवर्तनको पहिचान गर्न तथा यसले समाजमा पारेको सामाजिक प्रभाव विश्लेषण गर्न रहेको हुँदा र यस क्षेत्रबाट यस विषयमा अहिलेसम्म गहन अध्ययनहरु नभएको र स्वयम अनुसन्धान कर्ता यस अध्ययन क्षेत्र पिपरा भिताका बासिन्दाहरुसंग भावनात्मक सम्बन्ध पहिलेबाटै रहि आएकोले स्थानीय समुदायसँगको चिनजान राम्रै भएका कारण तथ्याङ्क संकलनमा सजिलो तथा विश्वसनीय हुने विश्वासका साथ यस क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

यो अनुसन्धान वर्णनात्मक ढाँचामा आधारित रहेको छ । यो अनुसन्धानमा वैदेशिक रोजगारमा गएका व्यक्तिहरु तथा फर्केका व्यक्तिहरुको परिवारमा ल्याएको सामाजिक तथा आर्थिक प्रभाव र परिवर्तनलाई वर्णन गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति तथा स्रोतहरु

अध्ययनको उद्देश्यको आधारमा तथ्याङ्क संलन गर्दा प्राथमिक स्रोत तथा द्वितीय स्रोतबाट संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अध्ययन क्षेत्रमा प्रत्यक्ष रुपमा सहभागी भई अन्तरवार्ता, अवलोकन, वैयक्तिक अध्ययनको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । द्वितीय स्रोत अन्तर्गत गा.वि.स., जिल्ला विकास समिति, कल्व र विभिन्न सरकारी कार्यालय, तथ्याङ्क विभाग साथै विभिन्न पत्र पत्रिका, पुस्तक प्रतिवेदन, विभिन्न संचार माध्यमका सूचना, समाजशास्त्र तथा मानवशास्त्रका विद्वानहरुबाट लेखिएका सम्बन्धित पुस्तकहरु साथ-साथै विषय वस्तु सँग सम्बन्धित भएका शोधपत्र आदिको अध्ययन गरिएको छ ।

## ३.४ समग्रता र नमुना छनौट

यस अध्ययन क्षेत्रमा जम्मा ३०७ घरधुरी संख्या रहेको छ । जस मध्य थारुको जम्मा ६४ घरधुरी रहेको छ । अध्ययनको उद्देश्य अनुसार वैदेशिक रोजगारमा संलग्न मध्ये जम्मा ३० घरधुरीलाई उद्देश्यमुलक नमूना छनौटको रुपमा लिइएको छ । जसमध्ये १९ घरधुरी वैदेशिक रोजगारमा संलग्न परिवारको घरमुलीसँग र बाँकी ११ घरधुरीमा स्वयं रोजगारमा संलग्न भई फर्किएका व्यक्तिहरुसँग प्रत्यक्ष वार्तालाप गरि उनिहरुको आर्थिक, सामाजिक लगायत पारिवारिक पक्षहरुको बारेमा जानकारी संकलन गर्ने कार्य गरिएको छ । यसरी वैदेशिक रोजगारमा जानुभन्दा अगाडी र वैदेशिक रोजगारबाट फर्किसकेपछि उनीहरुको घरपरिवारका साथै व्यक्तिमा आएको परिवर्तन हेर्ने उद्देश्य भएकाले दुई फरक प्रकृतिका उत्तरदाताहरुलाई जनगणना विधि अनुसार तिनीहरुलाई नमुना छनौट विधिको प्रयोग गरी छनौट गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

यो अनुसन्धान गुणात्मक अनुसन्धान विधिद्धारा निर्देशित अध्ययन हो । अनुसन्धानको मुख्य सरोकार भनेको संख्यात्मक सामान्यीकरण गर्नु भन्दा गुणात्मक सामान्यीकरण गर्नुमा

रहेको छ । यस विषयको अध्ययनका लागि आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा बसोबास गरी त्यहाँका बासिन्दाहरूसँग सम्बन्धित आत्मियता तथा विश्ववासपूर्ण वातावरणमा सम्बन्ध कायम राखी अध्ययनलाई अगाडि बढाउन प्रयास गरिएको छ । यस अध्ययनमा घरधुरी सर्वेक्षण प्रश्नावली, अन्तर्वार्ता, अवलोकन, वैयक्तिक अध्ययन तथा समुह छलफल विधि प्रयोगमा ल्याइएको छ ।

छोटो समयावधी भित्र अध्ययन सम्पन्न गर्नु परेको हुँदा समग्रबाट उद्देश्यपरक उत्तरदाताहरु सँग कुराकानी गरि तथ्याङ्क सँकलन गरिएको हो । अध्ययन क्षेत्रमा रहँदा अध्ययनको उद्देश्य अनुसारको उत्तरदाताहरु जो अगाडि भेटिन्छ उनीहरु संगै कुराकानी मार्फत जानकारी संकलन गरिएको हो । जसको कारण थारु समुदायबाट फरक फरक संख्या उत्तरदाता समेटिएको देखिन्छ । अध्ययनको उद्देश्य वैदेशिक रोजगारी र यसले समाजमा पारेको प्रभाव वरिपरी केन्द्रीत रहेर गर्नु पर्ने भएको हँदा यो अनुसन्धान २०७२ असोज र कार्तिक महिनामा गरिएको हो । उक्त समयमा नेपालीहरुको महान चाँड पर्ने र सो समयमा विदेशिएका व्यक्तिहरु घर फर्किने भएकोले उक्त समयलाई छनौट गरिएको हो ।

## ३.५.१ अन्तरवार्ता

यस अध्ययन क्षेत्र सित सम्बन्धित व्यक्तिहरु सँग प्रत्यक्ष र सम्बन्धित विषयमा तयार पारिएका प्रश्नावलीका आधारमा उत्तरदाता र शोधकर्ता विच व्यवस्थित र दोहोरो कुराकानीका माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । सम्बन्धित क्षेत्रमा वसोवास गर्ने स्थायी वासिन्दा भएको र सवै जना चिनजानको भएकोले व्यक्तिगत रुपमा उत्तरदाता सित प्रत्यक्ष रुपमा भेटघाट गरि आवश्यक तथ्याङ्क लिन सहज भएकोले संकलित तथ्याङ्कमा सत्यता र विश्वासनिय रहनेमा विस्वस्त छु । यसै क्रममा ३० घरधुरी मध्ये १९ घरधुरीमा अर्न्तवार्ताका लागि वैदेशिक रोजगारमा संलग्न घरमूलिलाई समावेश गरिएको छ भने बांकी ११ घरधुरीमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई समावेश गरिएको छ । यसरी वैदेशिक रोजगारमा जानु भन्दा अगाडि र वैदेशिक रोजगारबाट फर्किसकेपछि उनीहरुको घरपरिवारको साथै व्यक्तिमा आएको परिवर्तन हेर्न भएकाले दुवै घरपरिवारलाई लिएको हो ।

### ३.५.२ अवलोकन

यस अनुसन्धानमा प्रयोग गरिएको विधिहरु मध्ये अवलोकन पनि एउटा विधि हो । यो अध्ययनमा सहभागिमुलक अवलोकन विधि प्रयोग गरिएको हो । अध्ययनकर्ताले आफूलाई चाहिने आवश्यक तथ्याङ्कहरू व्यक्ति स्वंय नै अध्ययन क्षेत्रमा गई तथ्याङ्क संकलन गर्ने विधिलाई सहभागि अवलोकन भनिन्छ । यसै सहभागि अवलोकन विधिबाट सन्दरपुर चुहडवा गा.वि.स. वडा नं. ८ अन्तर्गत थारु परिवारबाट वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूका पारिवारिक विवरण (पारिवारिक संरचना, पेशा, घर) र आर्थिक तथा सामाजिक विवरण (हालको पेशा, आम्दानीमा परेको प्रभाव, आर्जित पैसाको उपयोगिता, सामाजिक अवस्था) सँग सम्बन्धित पक्षहरूका बारेमा साथै म आफू स्वयम पनि यस गाउँको सदस्य भएकोले आज भन्दा पाँच/सात बर्ष अगाडिको गाउँको अवस्था र अहिलेको अवस्थामा धेरै नै फेरबदल भएकोले कुन तत्वले यसमा प्रभाव पारेको छ भन्ने हेर्न वा बुझ्नको लागि सहभागितात्मक अवलोकन विधिको प्रयोग गरी यो अध्ययन अनुसन्धान गरीएको छ ।

### ३.५.३ वैयक्तिक अध्ययन

यस अध्ययनमा तथ्य संकलन गर्नको लागि १ जना उत्तरदाताको वैयक्तिक अनुसन्धान विधि पनि प्रयोग गरिएको छ । यो विधिलाई नै यस अध्ययनको लागि छनोट गर्नुको कारणले वैयक्तिक अध्ययन विधिबाट उत्तरदाताबाट धेरै भन्दा धेरै संभावित तथ्यहरु संकलन गर्न सकिने भएकोले र यस विधिबाट एउटा उत्तरदाताको सम्पूर्ण जीवनमा भएको सकरात्मक वा नकरात्मक दुबै पक्षको परिवर्तनहरु देख्न वा थाहाँ पाउन यो एकदमै महत्वपूर्ण भएकोले यो विधिलाई यस अध्ययन छनोटमा पारिएको हो । सुरुमा आफु र आफनो परिवारको जीविका चलाउनको लागि सुरुमा घरमा कमाई नभएर आर्थिक अवस्था कमजोर भएको बताएका थिए । जसले गर्दा सानो-तिनो समस्या पर्दा चाडपर्व मान्न, बिरामी पर्दा पनि आफन्त सित ऋण काढ्नु पर्ने स्थिति थियो । आज वैदेशिक रोजगारबाट कमाएको रकमले ऋण तिरेको, जग्गा किनेको, विवाह गरेर एक तले पक्की घर बनाएका र त्यही आफ्नो घर नजिकको बजारमा पसल सुरु गरेको देखिन्छ । वैदेशिक रोजगारको कारणले नै उनको परिवारको जीवनस्तरमा सुधार आएको देखिन्छ ।

### ३.५.४ समुह छलफल

यस अध्ययनमा वैदेशिक रोजगारमा संलग्न घरपरिवारको सदस्य र रोजगारबाट फर्किएका व्यक्तिहरुलाई २ समूहमा भेला गराएर उनीहरु वैदेशिक रोजगारमा संलग्न हुनुको कारण, वैदेशिक रोजगारले उनीहरुको आथिक क्षेत्रमा परेको प्रभाव, सामाजिक कारणको विश्लेषण गर्न र वैदेशिक रोजगार सम्बन्धी धारणा बारेमा छलफल गरियो । जसमा उनीहरूले आफ्नो कुराहरूलाई स्वतन्त्र रूपमा राखेका थिए । केही व्यक्तिहरूका भनाइमा फरक भएपनि धेरै व्यक्तिहरूको जवाफमा एक रूपता पाइएको थियो । यस किसिमको छलफलले शोध कार्यमा निकै नै सहयोग भएकोले समूह छलफलको आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण

अध्ययन क्षेत्रको उद्देश्य सित सम्बन्धित भएर संकलित विभिन्न प्रकारका तथ्यहरुलाई हेरी वर्गिकरण गरेर व्याख्या गरिएको छ । संकलित तथ्यहरुलाई व्याख्या गर्नु पूर्व आवश्यकता अनुसार वुभ्ने गरी सरल तरिकाले तालिकीकरण गरिएको छ । तथ्याहरुको प्रकृत्ति हेरी गुणात्मक र संख्यात्मक विधि अपनाई सरल तरिकाले सवैले वुभ्ने गरेर तालिकीकरण गरी प्रष्ट पारिएको छ ।

## ३.७ अध्ययनको सिमा

यस अनुसन्धानको कार्य क्षेत्र सर्लाही जिल्ला अर्न्तगतको सुन्दरपुर चुहडवा गा.वि.स. वडा नं. ८ पिपरा भिताबाट वैदेशिक रोजगारमा संलग्न भएका थारु समुदायका व्यक्तिहरुलाई छनौट गरिएको हो । यस अध्ययन उद्देश्यपरक क्षेत्र छनौट, सानो ईकाइ, छोटो समयावधीमा गरिएकोले सबै थारु समुदायको समाजको प्रतिनिधित्व गरेका छन । वैदेशिक रोजगार सम्बन्धी सम्पूर्ण पक्षहरुलाई समेटिएको छ । जसले गर्दा यस अध्ययन विषयको वारेमा मात्र अध्ययन गरिने शीर्षक अनुसार उचित नहुन सक्छ ।

यस अध्ययनमा वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको अध्ययन गर्ने क्रममा भारत बाहेक अन्य देशमा गइ गरिने रोजगारीको मात्र अध्ययन गरिएको छ । किनकी भारतमा जानको लागि कुनै रोकतोक बिना र राहदानीको आवश्यकता पर्दैन । राहदानीद्बारा प्रवेश गर्न पाउने देशहरु मध्ये केहि देशहरुलाई मात्र समावेश गरेको छ । ती देशहरु यसप्रकार छन् ।

१. दुवई २. मलेसिया ३. साउदी अरब ४. कतार ।

# अध्याय - चार

# अध्ययन क्षेत्रको भौगोलिक तथा सामाजिक परिचय

## ४.१ भौगोलिक परिचय

नेपालको मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अञ्चलको छ जिल्ला मध्ये दक्षिणी तराई भेगमा सर्लाही जिल्ला अवस्थित छ। यो जिल्ला समुन्द्री सतह भन्दा ६० मिटर देखि ६५९ मिटरको उचाइमा अवस्थित छ। यो जिल्ला विश्व मानचित्रमा पूर्व देखि ८५° ५० पूर्व देशान्तर, अक्षांश २६° ४५' देखि २७° १० उत्तर अक्षांश बिच अवस्थित रहेको छ। यस जिल्लाको कुल क्षेत्रफल १२५९ वर्ग किलोमिटर रहेको छ । यस जिल्लाको उत्तरतर्फ चुरे पर्वत रहेको छ । बीचमा भावर र दक्षिणमा तराइको समथर मैदान ओगट्ने गरि ३ भागमा बाड्न सकिन्छ। यो जिल्ला मनसुनी हावापानीबाट प्रभावित क्षेत्र भएता पनि उष्ण जलवायु पाइन्छ। यस जिल्लाको वार्षिक औसत अधिक्तम तापक्रम ३१ डिग्री सेल्सियस र औसत न्यूनत्तम तापक्रम २० डिग्री सेल्सियस रहेको पाइन्छ । गर्मी समयमा ४२ डिग्री सेल्सियस भन्दा पनि बढि तापक्रम हुने गरेकाले कहिले काही लु चल्ने गर्दछ। यस जिल्लामा जाडो याममा न्यूनत्तम तापक्रम ४ डिग्री सेल्सियस सम्म पुग्नुका साथै शितलहर समेत चल्ने गर्दछ। यस जिल्लामा ८० प्रतिशत भन्दा बढि वर्षा वैशाख देखि भदौ महिना भित्र हुने गर्दछ (के.त.वि.कार्यालय, काठमाडौं, २०६८)।

सर्लाही जिल्लाको जम्मा घरधुरी १,३२,८४४ रहेको छ । जसमा पुरुषको संख्या ३,८९,७५६ र महिलाको संख्या ३,७९,९७३ जम्मा जनसंख्या ७,६९,७२९ रहेको छ ा यस जिल्लामा थारु पुरुषको संख्या १०,६५४ र महिलाको संख्या ११,१२४ जम्मा जनसंख्या २१,७७८ रहेको छ (के.त.वि., राष्ट्रिय जनगणना २०६८, काठमाडौं)।

## ४.२ सामाजिक परिचय

यो सुन्दरपुर चुहडवा गा.वि.स. पूर्वपश्चिम महेन्द्र राजमार्ग नयाँरोडबाट करिब १३ किलोमिटर दक्षिण बरहथवा, पश्चिम ५ कि.मि. हजरिया हुदै दक्षिण ४ कि.मि. जाने ग्राभेल रोड बिचमा अवस्थित छ। यस गा.वि.स. को पूर्वमा लौकठ गा.वि.स. पश्चिममा रौतहटको समनपुर गा.वि.स., दक्षिणमा मानपुर गा.वि.स. र उत्तरमा हजरिया गा.वि.स. रहेको छ । यस क्षेत्रका जनताहरुको मुख्य पेशा कृषि हो ।

**तालिका नं. १: सुन्दरपुर चुहडवा गा.वि.स. को वडा अनुसारको जनसंख्या विवरण**

| वडा नं. | घरधुरी संख्या | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | १५६ | ८९० | ४४७ | ४४३ |
| २ | १८३ | १०२७ | ५२३ | ५०३ |
| ३ | ४८३ | २८९६ | १४५९ | १४३७ |
| ४ | १०९ | ६९२ | ३६३ | ३२९ |
| ५ | २३२ | १२७० | ६४७ | ६२३ |
| ६ | ९० | ५४६ | २७३ | २७३ |
| ७ | ११२ | ७६२ | ३६७ | ३९५ |
| ८ | ३०७ | १६७९ | ८५४ | ८२५ |
| ९ | २३५ | १०९९ | ५२६ | ५७३ |
| जम्माः | १९१२ | १०८६१ | ५४५९ | ५४०२ |

स्रोतः के.त.वि., राष्ट्रिय जनगणना २०६८, काठमाडौं ।

यस अध्ययनको क्रममा वैदेशिक रोजगार सम्बन्धी गा.वि.स. ले सत्य र तथ्य विवरण नराखेकाले उल्लेख गरिएको छैन । राहदानी बनाएका सबै व्यक्ति विदेश जान सक्षम हुँदैन । तसर्थ तालिका नं. १ अनुसार, यस गा.वि.स. मा जम्मा घरधुरी १,९१२ रहेको छ । यस गा.वि.स. मा बसोबास गर्ने जम्मा जनसंख्या १०,८६१ रहेको छ । जस मध्ये पुरुषको संख्या ५,४५९ र महिलाको संख्या ५,४०२ रहेको छ । मेरो अध्ययन क्षेत्र वाड नं. ८ को कुल जनसंख्या १,६७९ रहेको छ । जस मध्ये पुरुषको संख्या ८५४ जना र महिलाको संख्या ८२५ रहेको छ ।

यस गा.वि.स. मा कुनै जाति विशेषको बसोबास नभई विभिन्न किसिमका जातजातीहरु मध्ये थारु, बनिया, तेली, यादव, कोइरी, ठाकुर, क्षेत्री, दमाई र विश्वकर्मा, वाहुन, दुसाध, चमार, विन, मुसलमान, नेवार, मुसहर अन्य जातजातीहरुको बसोबास रहेको छ (के.त.वि., राष्ट्रिय जनगणना २०६८, काठमाडौं ) । यस क्षेत्रमा थारु समुदायको बसोबास पहिला देखि नै रहेको कुरा स्थानिय पाका व्यक्तिहरुको भनाइबाट थाहा हुन आउँछ । पहाडी समुदायको र मधेसी समुदायको बसोबास यस क्षेत्रमा केहि चिनजान र आफन्तको माध्यमबाट  धेरै परिवार आई बसोबास गर्न थालेको पाइयो ।

यस क्षेत्रमा मधेसी समुदाय (कोइरी, यादव, खतवे, चमार, विन, मुसलमान, दुसाध, बनिया, तेली आदि) को बाहुल्यता रहेता पनि पहाडी समुदाय (ठकुरी, क्षेत्री, ब्राम्हण, नेवार, दमाई, विश्वकर्मा, आदि) र थारु समुदाय एक आपसमा मिलेर बसेको देखिन्छ । थारु समुदायले मनाउने चाडपर्व, रीतिरिवाज, सँस्कार-संस्कृति, रहनसहन आदी पहाडी समुदायको भन्दा फरक छ र पहाडी, मधेसी समुदायले मनाउने चाडपर्व, रीतिरिवाज, सँस्कार-संस्कृति, रहन सहन आदी थारु समुदायको भन्दा फरक छ । तर यी तीनै समुदायमा एक अर्काको संस्कृति आदान प्रदान भएको देखिन्छ । दशैंमा र तिहारमा टिका लगाउने चलन थारु समुदायले मनाउने गरेको पाइन्छ । थारु समुदायले मनाउने चाड छठ पर्व आजकाल पहाडी समुदायले पनि मनाउने गरेको पाइन्छ । यसरी समाजमा मनाउने चाडपर्व, रीतिरिवाज, सँस्कार-संस्कृति, विवाह वा अन्य सामाजिक सांस्कृतिक पक्षमा एकता रहेको देखिन्छ । यसरी पहाडी, मधेसी समुदाय र थारु समुदायले एक अर्काको सास्कृतिक पक्षलाई अवलम्वन गरेको देखिन्छ ।

## ४.३ पारिवारिक विवरण

यस अन्तर्गत वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको पारिवारिक विवरण बारे अध्ययन एवम् प्रस्तुतीकरण गरिएको छ । जसमा सहभागिहरूको पारिवारिक विवरण अन्तर्गत उमेर/ लिङ्ग पारिवारिक संरचना, जाति, पेशा, जमिन, आम्दानी, घरको किसिम आदिको बारेमा तालिका बनाई विश्लेषण गरिएको छ ।

## ४.४ उमेर र लिङ्गगत संरचना

कुनै पनि स्थानमा विशेषमा रहेको जनसंख्यालाई त्यहाँ रहेको मानिसहरूको उमेर र लिङ्गले निर्धारण गर्ने गर्दछ । यसका साथै वैदेशिक रोजगारका सन्दर्भमा उमेर र लिङ्गको त्यति कै ठूलो महत्व रहेको हुन्छ । यसरी वैदेशिक रोजगारमा संलग्न हुने उमेर र लिङ्गका बारेमा जानकारी लिन वा कुन उमेर समूहका जनसंख्या कति मात्रामा र अध्ययन क्षेत्रमा रहेका छन् भनि बुझ्न उमेर र लिङ्गगत विवरणलाई तालिका २ मा उल्लेख गरिएको छ ।

**तालिका नं. २: थारु समुदायबाट वैदेशिक रोजगारमा संलग्न परिवारको उमेर / लिङ्गगत जनसंख्याको विवरण**

| उमेर समूह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| ०-१० | १२ | १५ | १२ | १७ | २४ |
| ११-२० | ११ | १३ | १२ | १७ | २३ |
| २१-३० | २२ | २८ | १४ | १९ | ३६ |
| ३१-४० | १२ | १५ | १३ | १८ | २५ |
| ४१-५० | ११ | १३ | १२ | १७ | २३ |
| ५१-६० | ७ | ९ | ७ | ९ | १४ |
| ६१ माथी | ३ | ३ | ३ | ३ | ६ |
| जम्मा | ७९ | १००.०० | ७२ | १००.०० | १५१ |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

तालिका नं. २ को आधारमा विभिन्न उमेर समूहमा तुलनात्मक रूपमा महिला भन्दा पुरुषको संख्या नै बढी पाइयो । जुन हाम्रो पितृसत्तात्मक परिवार वा छोरालाई बढी प्राथमिकता दिने चलनसँग नजिक रहेको देखिन्छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न घरपरिवारको जनसंख्यालाई विभिन्न उमेर समुहमा विभाजन गरेर विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न २६ घरधुरीलाई अध्ययनमा संलग्न गराईएको हो । जसमा थारु समुदायबाट जम्मा १५१ जना मध्ये पुरुषको संख्या ७९ र महिलाको संख्या ७२ जना रहेका छन् । यसका साथै उमेरगत कुरालाई अध्ययन गर्दा विशेषत २१ देखि ४० वर्ष उमेर समूहका व्यक्तिको संख्या नै बढी वैदेशिक रोजगारमा संलग्न भएको पाइयो । जसलाई हामी सक्रिय जनशक्तिका रूपमा पनि लिन सक्छौ । जुन उमेर समूह वैदेशिक रोजगारमा संलग्न हुने उमेर समूह पनि हो । अध्ययनको क्रममा यही उमेर समूहका व्यक्ति नै वैदेशिक रोजगारमा संलग्न रहेको पाइयो । जसले गर्दा परिवारमा केटा-केटी, महिला र बुढा-बूढीका बाहुल्यता पाइयो । यसका साथै घरभित्र र घरवाहिरको सम्पूर्ण कामको जिम्मेवारी पनि महिलाले नै सम्हालेको पाइयो ।

देशमा रोजगारीको अवस्था सृजना हुन नसक्दा काम गर्न सक्रिय उमेर समुहका युवाहरु वैदेशिक रोजगारमा संलग्न भएका छन् । जसको कारण देशमा युवा वर्गको अभावमा विकास निर्माणको काम हुन प्रत्यक्ष असर परेको देखिन्छ ।

## ४.५ पारिवारिक संरचना

परिवार प्रमुख आधारभूत सामाजिक संस्था हो । परिवारबाट नै जैविक प्राणीको रूपमा रहेको मानिस सामाजिक रूपमा रूपान्तरित हुने कार्यको थालनी हुन्छ । नेपालको सन्दर्भमा पारिवारिक बनावटका आधारमा एकात्मक र संयुक्त परिवार रहेको देखिन्छ । एकात्मक परिवारले श्रीमान, श्रीमती, तिनीहरूका अविवाहित छोरा-छोरीको संयुक्त बसोबासलाई बुझाउँछ भने संयुक्त परिवारमा एक दम्पती तीन भन्दा बढी वा तीन पिढीका सदस्यहरू एकै साथै बस्ने गर्दछन् । यसै गरी परिवारको पालन पोषण वा जीवनस्तरलाई माथि उठाउने वा संचालन गर्नका लागि बेरोजगार सदस्यहरू रोजगारका लागि वैदेशिक रोजगारमा संलग्न हुने वा वैकल्पिक रूपमा वैदेशिक रोजगार पारिवारिक संरचनासँग जोडिएको छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रको परिवारको विवरणलाई तालिका ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३: वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूको पारिवारिक संरचनाको विवरण**

| परिवारको किसिम | संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | १९ | ६३.३३ |
| संयुक्त | ११ | ६६.६७ |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तालिका नं. ३ अनुसार अध्ययन क्षेत्रका जम्मा घरधुरी मध्ये एकात्मक परिवारको बाहुल्यता देखियो । यसका साथै एकात्मक परिवारमा आफ्ना साना साना छोरा-छोरी र श्रीमतीलाई छाडेर गरिबी वा बेरोजगारीका कारणले विदेशमा गएको र धनका लागि आफन्तबाट टाढा रहेको अवस्था देखियो भने संयुक्त परिवारमा पनि बुढा-बुढी बाबु-आमालाई छोडेर पैसाकै लागि विदेश गएको अवस्था देखियो । बुढा आमा-बुबा तथा साना छोरा-छोरीले आफ्नो आफन्तले स्वदेशमै रोजगारी पाए विदेश नपठाउने वा पैसाकै लागि आफन्तलाई अर्को मुलुकमा पठाएको बताए । यसैगरी आफ्नो घरको पुरुष सदस्य वैदेशिक रोजगारमा संलग्न भई

सकेपछि परिवारको जिम्मेवारी (केटा-केटीको हेरविचार, शिक्षा, दिक्षा, लालन-पालन, स्वास्थ्य उपचार, पशुपंक्षी तथा बालि-नालीको हेरविचार) महिलालाई पर्न गएको देखियो । जुन परिवार मात्र नभएर सामाजिक रूपमा (भेला समारोह, मेलापात, कुलापानी, बाटो-घाटो निर्माण) पनि महिला नै सहभागि भएको देखियो । पारिवारिक संरचनामा पनि विशेषत एकात्मक परिवारमा घरमुली श्रीमान वैदेशिक रोजगारमा संलग्न भएपछि एकातिर घर परिवारको सम्पूर्ण जिम्मेवारी महिलाले बहन गर्न परेकाले दोहोरो कार्यभार (घरभित्र र बाहिर) महिलामा पर्न गएको देखियो भने अर्को तर्फ पारिवारिक तथा सामाजिक रूपमा महिलाको सक्रिय सहभागिता सहने संस्कृतिको विकास भएको देखियो । जसलाई हामी समाजमा रहेको लैङ्गिक सम्बन्धमा आएको परिवर्तनका रूपमा लिन सक्छौ ।

## ४.६ घरको बनावट

समान्यतया: घर भन्नाले व्यक्ति तथा परिवारको बासस्थानसंग सम्बन्धित हुन्छ । घरको बनावटको आधारमा व्यक्ति वा परिवारको आर्थिक अवस्था बुझ्न सकिन्छ । यस सन्दर्भमा वैदेशिक रोजगारमा संलग्नहरुको घरको बनावटलाई तालिका नं. ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४: वैदेशिक रोजगारमा संलग्न परिवारको घरको बनावट विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कच्ची | १८ | ६० |
| पक्की | ४ | १३ |
| मिक्स (दुवै) | ८ | २७ |
| जम्मा | ३० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. ४ मा वैदेशिक रोजगारमा संलग्न परिवारको घरलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न परिवार ३० जना रहेको छ । जसमा पक्की घर भएको ४ जना, कच्ची घर भएको सबैभन्दा बढि अर्थात १८ जना रहेको छ र ८ जनाको मात्र मिक्स (दुवै) घर भएको देखियो । अध्ययन क्षेत्रमा पक्की घरका तुलनामा कच्ची घरको संख्या बढी पाइयो । यसका साथै पक्की घरहरू पनि वैदशिक रोजगारमा संलग्न भएका मध्ये राम्रो देशमा गएका वा राम्रो कमाइ हुने सदस्याहरूको पाइयो । अर्थात धेरै पहिले देखि

वैदेशिक रोजगारमा संलग्न भएका व्यक्ति वा परिवारको घर पक्की पाइयो । घरको बनावट पनि वैदेशिक रोजगारमा संलग्न सदस्यको वैदेशिक रोजगारमा संलग्न देश, समय, कमाई आदिले निर्धारण गरेको पाइयो ।

यसका साथै घर निर्माण गर्नका लागि चाहिने कच्चा पदार्थहरू (सिमेन्ट, डण्डी, टायल, आदि) को र ती घरमा रहेको विभिन्न सामानहरू (मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, फ्रिज आदि) को खरिद गर्दा व्यक्ति वा परिवारको पूँजी पुनः अन्य मुलुकमा गएको पाइयो । अर्थात वैदेशिक रोजगारबाट कमाएर ल्याएको पूँजी घर निर्माण लगायत सामान खरिदका कारण आफ्नै देशका नभएर अन्य देशमा पुग्न गएको पाइयो । सस्तो मूल्यमा नेपालबाट श्रमिक तथा कच्चा पदार्थ आयात गरी सस्तो श्रमिकको सहायताले प्रयोगको सामान निर्माण गरी पुनः नेपालमा नै निर्यात गर्ने र नेपाली पूँजी वा अर्थतन्त्र आफ्नो देशमा भित्र्याउने गरेको देखियो । यसका अलवा वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूले आफू फर्किदा आफू र आफ्नो परिवारका लागि विदेशी सामानहरू (मोवाइल, घडी, ल्यापटप, टेलिभिजन) ल्याउने प्रक्रियाले पनि विदेशमा कमाएको पैसा विदेशमा नै रहने गरेको देखिन्छ । जुन कुरा कार्लमार्क्स वा माक्सवादीहरूको धारणा अर्थात विश्व व्यवस्था सिद्धान्तसँग मेल खान गएको देखिन्छ ।

## ४.७ जमिनको अवस्था

जमिनलाई विभिन्न तरिकाले बुझ्न सकिन्छ अर्थात यसको विभिन्न परिवेशमा विभिन्न अर्थ हुन सक्छ तर सामान्य अर्थमा भन्नुपर्दा जमिन भनेको व्यक्ति वा परिवारको अचल सम्पत्ति हो, जहाँ व्यक्ति रहन्छ आफ्नो पेशा सञ्चालन गर्ने गर्दछ वा आफ्नो जिवीका सञ्चालनको माध्यम बनाउँछ । तर अहिले आएर जमिनलाई नगद वा खण्डीकरण गरी घर घडेरीमा विक्री गरिरहेको अवस्था छ । जसलाई हिजोका दिनहरूमा खेतीपाती गर्ने वा अन्न उब्जाउनका लागि प्रयोग गरिन्थ्यो । यसैगरी व्यक्ति वा परिवारसँग भएको जमिन पनि वैदेशिक रोजगारसँग सम्बन्धित रहन्छ । किनकी आफ्नो जमिन कम र भएको जमिनमा पनि खेतीपाती राम्रो नहुने अवस्था भएमा आफू र आफ्नो परिवारको जिवीका चलाउन व्यक्ति वैदेशिक रोजगारमा संलग्न हुनुपर्ने अवस्था रहन्छ । वैदेशिक रोजगारमा संलग्न परिवारको जमिनको अवस्थालाई निम्न लिखित तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५: वैदेशिक रोजगारमा संलग्न घरपरिवारको जमिनको विवरण**

| जमिन | संख्या | प्रतिशत |
|---|---|---|
| १ देखि ३ कट्ठासम्म | ५ | १७ |
| ३ देखि ६ कट्ठासम्म | १ | ३ |
| ६ देखि ९ कट्ठासम्म | ४ | १३ |
| ९ देखि १२ कट्ठसम्म | ५ | १७ |
| १२ देखि १५ कट्ठासम्म | २ | ७ |
| १५ देखि २० कट्ठासम्म | ३ | १० |
| २० कट्ठाभन्दा माथि हुने | १० | ३३ |
| जम्मा: | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. ५ अनुसार, वैदेशिक रोजगारमा संलग्न परिवारको जमिन के-कति मात्रामा छ भन्ने विवरणलाई विश्लेषण गरिएको छ । वैदेशिक रोजगारमा संलग्न ३० जनालाई लिइएको छ । जसमध्ये २० कट्ठाभन्दा माथि हुने परिवार बढि अर्थात १० जना देखियो । जसमध्ये १ देखि ३ कट्ठा र ९ देखि १२ कट्ठासम्म जमिन हुने परिवार ५-५ जना देखियो । ४ देखि ६ कट्ठा १ जना, ६ देखि ९ कट्ठा ४ जना, १३ देखि १५ कट्ठा २ जना र १५ देखि २० कट्ठासम्म जमिन हुने परिवार ३ देखियो ।

वैदेशिक रोजगारमा संलग्न परिवारको जमिनको मात्रालाई हेर्दा सबैभन्दा बढि २० कट्ठाभन्दा माथि (३३%) जमिन हुने परिवारबाट संलग्न भएको पाइयो । तसर्थ जमिन कम हुने र बढि हुने अर्थात खान पुग्ने र नपुग्ने सबै खालको परिवारका सदस्य वैदेशिक रोजगारमा संलग्न पाइन्छ । जमिन हुने परिवारको सहभागिको भनाइ अनुसार आफ्नो भएको जमिनको उत्पादनले वर्षभरि राम्ररी खान पुगेता पनि छोरा-छोरी पढाउन र अन्य खर्च गर्न जमिनको उत्पादनले नपुगेकाले वैदेशिक रोजगारमा वैकल्पिक पेशाको रुपमा आफ्नो परिवारको सदस्य संलग्न भएको बताए भने जमिन कम हुने परिवारले आफ्नो जीवन निर्वाहका लागि वर्षैभरि मजदुरी र ज्यालादार गनुपर्ने बाध्यता भएकाले परिवार चलाउन मुस्किल भएको कारण आम्दानी बढि गर्न आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न हुनु परेको बताए ।

## ४.८ पेशा

कुनै पनि समाज तथा समुदायमा पेशा भन्नाले त्यस क्षेत्रका व्यक्तिले गर्ने कार्य वा रोजगारलाई वुझ्न सकिन्छ । यो मुख्य रूपमा जीविकोपार्जन वा जिवीका अर्थात जीवन संचालन गर्नका लागि अपनाइने बाटो वा माध्यम हो । पेशालाई पनि परम्परागत तथा आधुनिक वा नयाँ गरी विभाजन गर्न सकिन्छ अर्थात पेशामा पनि समय र ठाउँ अनुसार परिवर्तन गर्न सकिने अवस्था रहेको छ । यसै गरी पेशाले आर्थिक पक्षसँग नजिकको सम्बन्ध राखेको हुन्छ । यसले प्रत्यक्ष रूपमा व्यक्ति वा परिवारको आय आर्जनमा असर पार्ने गर्छ किनकी पेशा नै अर्थोपार्जनको माध्यम हो । यसका साथै पारिवारिक पेशाले पनि वैदेशिक रोजगारमा सम्बन्ध राखेको हुन्छ । किनकी यही पारिवारिक पेशाले उनीहरूको परिवारको जीवन वा जीविका राम्रोसँग चलिराखेको अवस्थामा वैदेशिक रोजगार वैकल्पिक माध्यम बन्न सक्छ । तर अन्यथा यो बाध्यात्मक अवस्था हुन जान्छ । यसै सन्दर्भमा पारिवारका धेरै सदस्यहरूको सहभागिता र समयको आधारमा तालिका नं. ६ मा वैदेशिक रोजगारमा संलग्न परिवारको मुख्य पेशालाई प्रस्तुत गरिएको छ :

**तालिका नं. ६: वैदेशिक रोजगारमा संलग्न परिवारको पेशागत पारिवारिक विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १८ | ६० |
| नोकरी | ६ | २० |
| मजदुरी | ६ | २० |
| जम्मा | ३० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२

तलिका नं. ६ अनुसार वैदेशिक रोजगारमा संलग्न घरधुरीको पेशागत विवरणलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारीमा संलग्न थारु समुदायबाट ३० घरधुरी मध्ये कृषि पेशामा १८ घरपरिवारका सदस्य, नोकरी पेशामा ६ जना र ६ घरपरिवारले मुख्य पेशा मजदुरी गर्दै आएको देखियो । अध्ययन क्षेत्रको कूल घरधुरी मध्ये बहु संख्यक घर कृषि पेशामा रहेको पाइयो र उक्त पेशाले पनि वर्षभरी खान नपुग्ने तथा आफ्ना अन्य अवश्यकताहरू पूरा गर्नका लागि वैदेशिक रोजगारमा गएको अवस्था देखियो । तालिकामा कृषि बाहेक देखिएका अन्य परिवारको

पेशा भएपनि कृषिलाई सबैले अँगालेको देखियो । अर्थात वैदेशिक रोजगारले व्यक्तिको पारिवारिक पेशामा क्रमशः परिवर्तन आएको कुरा देखियो । वर्तमान समयसम्म पनि लगभग ६० प्रतिशतको हाराहारिमा नेपालीहरु कृषि पेशामा नै निर्भर रहनु परेको  देखिन्छ । यस्तो अवस्था यस अध्ययन क्षेत्रमा पनि कायम रहेको देखियो । यस तथ्याङ्कबाट के स्पस्ट भन्न सकिन्छ भने युवा पिढिको वैदेशिक रोजगारिमा सहभागिता बृद्धि हुदैमा परम्परागत जीवन प्रणाली अर्थात पेशामा ठुलो परिर्वन भई सकेको देखिदैन । थारु समुदायको पेशा जे जस्तो भए पनि आफ्नो गरि राखेको पेशाबाट भएको आम्दानी निकै कम हुने गरेको, जसको कारण परिवारको पालन-पोषणमा समस्या भएकाले आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न भएको बताए थिए । केहि व्यत्तिहरुले भने वैदेशिक रोजगारमा संलग्न भएपछि आम्दानीमा सुधार भएकाले परिवारले गरि आएको पेशामा परिवर्तन गरेको बताए भने केहि परिवारले कृषि पेशा छाडेर व्यापार-व्यवसायमा संलग्न भएको बताए । जसको सम्बन्ध चाहि वैदेशिक रोजगार रहेको देखियो ।

## ४.९  वैदेशिक रोजगारमा संलग्नता

जुन सुकै समाजमा पनि विभिन्न जातजातिको बसोबास रहेको हुन्छ । जातको आधारमा काम वा पेशाको वर्गीकरण गरिएको हुन्छ तर अहिले आएर वैदेशिक रोजगारमा सबै जातको संलग्नता रहने हुँदा थारु समुदायको मानिस यस क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न भएको देखिन्छ । अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा थारु समुदायको संलग्न भएका जम्मा ३० जना सबै पुरुष रहेको छ । जसमा महिला सहभागिता शून्य नै देखियो । यस्तो हुनुमा हाम्रो समाजमा रहेको सामाजिक मूल्यमान्यता र परम्पराले गर्दा महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा हेरिने भएको र घर भित्रको काममा मात्र सिमित राख्ने परम्पराले गर्दा वैदेशिक रोजगारमा महिला सहभागिता शून्य रहेको देखियो ।

## ४.१० वैदेशिक रोजगारमा जानु पर्ने कारण

नेपालमा भएको बेरोजगारी समस्याले गर्दा, आफ्नो जीवनशैली सरल र सहज पार्नका लागि विविध अबसरको खोजि (धेरै अवसर, राम्रो जीवनयापन, अध्ययन, स्वतन्त्रता, धेरै कमाइ) आदि कारण रोजगारको लागि विदेश जाने क्रम बढिरहेको छ । यसै सन्दर्भमा वैदेशिक

रोजगारमा संलग्न घरपरिवारको धारणा अनुसार के कारणले गर्दा वैदेशिक रोजगारमा संलग्न हुनुपरेको धारणालाई तालिका नं. ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७: वैदेशिक रोजगारमा जाने कारणहरुको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| गरिवीको कारणले | १ | ३ |
| घरपरिवारको सल्लाहले | २० | ६७ |
| साथीभाई गएको देखेर | २ | ७ |
| धेरै कमाइ गर्नका लागि | ७ | २३ |
| जम्मा: | ३० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. ७ मा वैदेशिक रोजगारमा जानुपर्ने कारण के हो भन्ने सम्बन्धमा विश्लेषण गरिएको छ । जसमा वैदेशिक रोजगारमा संलग्न ३० जनालाई लिइएको छ र जस मध्ये १ जना गरिबीको कारणले गर्दा वैदेशिक रोजगारमा संलग्न हुनुपरेको भन्ने बताएका थिए । ७ जना धेरै कमाई गर्नका लागि वैदेशिक रोजगारमा संलग्न भएको देखियो भने २० जना घरपरिवारको सल्लाहले र २ जना साथीभाई गएको देखेर वैदेशिक रोजगारमा संलग्न भएको देखियो ।

यसरी वैदेशिक रोजगारमा संलग्न हुनुपर्ने कारणको तुलना गर्दा सबैभन्दा बढि घरपरिवारको सल्लाहले २० जना र सबैभन्दा कम १ जनाले गरिबीको कारणले वैदेशिक रोजगारमा संलग्न हुनु परेको भन्ने पाईयो । आफ्नो क्षेत्रमा रोजगारको अवसर पाएका युवाहरु पनि त्यस रोजगारबाट आम्दानी कम भएकाले अर्थात आर्थिक स्थितिमा सुधार नभएकाले बढि आम्दानी गर्नको लागि र साथीभाई गएको देखेर पनि वैदेशिक रोजगारमा संलग्न हुनु परेको बताए । यसबाट के प्रष्ट हुन्छ भने वैदेशिक रोजगारी प्रति  मात्र आकर्षण नभई गरिबीको कारण आफ्नो घरपरिवारको पालन-पोषणमा कठिनाई भएको कारण वैदेशिक रोजगारमा जाने गरेको दखिन्छ ।

## ४.११ आम्दानी

कुनै पनि व्यक्ति वा परिवारले गरेको पेशाको आधारमा संकलित नगद वा जिन्सिलाई आम्दानी भन्ने बुझिन्छ, जुन पेशासँग प्रत्यक्ष सम्बन्धित हुने गर्दछ । किनकी कुनै पनि घरपरिवारको आम्दानीको आधारमा उनीहरुको जीवन सञ्चालन सहज वा कठिन हुने गर्दछ । व्यक्तिले आफ्नो जीवन निर्वाह गर्ने क्रममा विभिन्न पेशा तथा कामहरु गर्ने गर्दछ, जुन आम्दानीबाट आफ्नो परिवार सन्चालनमा समस्या आई लाग्न थाले पछि अन्य आम्दानिका स्रोतहरु पहिल्याउन थाल्दछ, यस्तो अवस्थामा वा समस्याले गर्दा हाम्रो जस्तो विकासन्मुख देशका नागरिकहरुलाई रोजिरोटीका लीाग वैदेशिक रोजगार एउटा उपयुक्त माध्यम बनेको छ । जसले गर्दा धेरै व्यक्तिहरुले आफ्नो आर्थिक अवस्था सुधार गरेको पनि विभिन्न अध्ययनहरुमा देख्न सकिन्छ । अध्ययनलाई वैधानिक तथा तार्किक बनाउनका लागि वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडि घरपरिवारको आम्दानीको विवरणलाई निम्न लिखित तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८: वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडिको घरपरिवारको आम्दानी विवरण**

| बार्षिक आम्दानी | संख्या | प्रतिशत |
|---|---|---|
| २०,००० भन्दा कम आम्दानी हुने | ८ | २७ |
| २०,०००-६०,००० सम्म आम्दानी हुने | १५ | ५० |
| ६०,००० भन्दा बढि आम्दानी हुने | ७ | २३ |
| जम्मा: | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. ८ मा वैदेशिक रोजगारमा संलग्न घरपरिवारको सो कार्यमा संलग्न हुनु भन्दा अगाडीको परिवारको आम्दानी विवरणलाई विश्लेषण गरिएको छ । वैदेशिक रोजगारमा संलग्न थारु समुदायबाट ३० जना रहेको छ । जसमा बार्षिक आम्दानी २०,००० भन्दा कम हुने परिवार ८ जना रहेको छ । त्यसैगरि २०,००० देखि ६०,००० सम्म बार्षिक आम्दानी हुने परिवार १५ जना रहेको छ । वार्षिक आम्दानी ६०,००० भन्दा माथि हुने घरपरिवार संख्या भने न्यून अर्थात अध्ययनमा संलग्न मध्ये ७ जना मात्र देखियो । यसप्रकार के देखिन्छ भने वैदेशिक रोजगारमा २०,००० भन्दा कम आय हुने र बढि आय हुने दुवै समुदायको संलग्न भएको पाइन्छ ।

अध्ययनमा संलग्न गराईएको उत्तरदाताहरुको घरपरिवार मध्ये वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अघि बार्षिक आम्दानी २०,००० देखि ६०,००० सम्म आम्दानी हुने घरपरिवार सबै भन्दा बढि १५ जना रहेको देखिन्छ । त्यसैगरी बार्षिक आम्दानी ६०,००० भन्दा बढि गर्ने घरपरिवार सबैभन्दा कम ७ जना मात्र देखियो । आजकाल देशमा योग्यता र क्षमता अनुसारको रोजगारको अभाव र केहि रोजगार भए पनि आम्दानी कम भएको कारण शिक्षित युवाहरुको वैदेशिक रोजगार तर्फ आकर्षण बढेको देखिन्छ । वैदेशिक रोजगारमा संलग्न भएपछि तुलनात्मक रुपमा सबै समुदायको आम्दानीमा सुधार भएको अध्ययनका क्रममा उत्तरदाताहरुले बताएका थिए । यहाँ बस्दा रुपमा बार्षिक रुपमा २० हजारभन्दा कम आम्दानी गर्नेहरुले विदेश गएपछि बार्षिक आम्दानी १,००,००० देखि २,००,००० सम्म आम्दानी हुने गरेको बताएका थिए । यस भनाईबाट पनि वैदेशिक रोजगारमा संलग्न भए पछि घरपरिवारको कूल आम्दानीमा बृद्धि भएको देखियो । तर यहाँ बस्दा बार्षिक रुपमा ६०,००० भन्दा माथि आम्दानी गर्ने घरपरिवारहरुका सदस्य विदेश गएपछि पनि मासिक रुपमा त्यत्ति नै आम्दानी गर्नेहरुले भने आम्दानी उस्तै भयो भन्ने बताएका थिए । जसलाई तालिका नं. ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९: वैदेशिक रोजगारमा संलग्न भए पछाडि परिवारको आम्दानीमा भएको परिवर्तन सम्बन्धी विवरण**

| विबरण | संख्या | प्रतिशत |
|---|---|---|
| आम्दानीमा वृद्धि भयो | २४ | ८० |
| आम्दानी उस्तै भयो | ४ | १३ |
| आम्दानी झन घट्यो | २ | ७ |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. ९ अनुसार, वैदेशिक रोजगारमा संलग्न भएपछि परिवारको आम्दानीमा भएको परिवर्तन सम्बन्धी विवरणलाई विश्लेषण गरिएको छ । थारु समुदायमा वैदेशिक रोजगारमा संलग्न परिवार ३० जना मध्ये २४ जनाको आम्दानी वृद्धि भएको देखियो ।

अध्ययनमा समेटिएका मध्ये वैदेशिक रोजगारमा संलग्न ८० प्रतिशत घरपरिवारले आम्दानीमा वृद्धि भएको बताएका छन भने आम्दानीमा वृद्धि हुनुमा रोजगारीमा सहभागी भएको

सदस्यको सीप तथा ज्ञान, उत्त देशको भाषा, तलब, रोजगारको लागि गएको देश तथा काम महत्वपूर्ण रहेको र त्यसैगरि १३ प्रतिशत घरपरिवारले आम्दानीमा वृद्धि नभएको बताए भने ७ प्रतिशत घरपरिवारले आम्दानी झन घट्यो जुन देश तथा राम्रो तलब सुविधा, उक्त देशको भाषा, सिप तथा ज्ञानको कमिले गर्दा आम्दानीमा वृद्धि हुन नसकेको पाइयो । जुन कुरा परिवारको आर्थिक अवस्थासँग प्रत्येक्ष जोडिएको छ । वैदेशिक रोजगारमा संलग्न व्यक्तिको आम्दानीमा वृद्धि भए पश्चात परिवारको आर्थिक अवस्थामा पनि  परिवर्तन भएको पाईयो ।

## अध्याय-पाँच

# वैदेशिक रोजगारले समाजमा ल्याएको आर्थिक परिवर्तन

यस अध्यायमा वैदेशिक रोजगार र यसले समाजमा ल्याएको आर्थिक परिवर्तनको सम्बन्धमा विश्लेषण गर्नका लागि वैदेशिक रोजगारमा संलग्न व्यक्तिका व्यक्तिगत भोगाइका कुराहरु, अन्तर्वार्ता, वैयक्तिक अध्ययन तथा समूह छलफल विधिबाट प्रष्ट पार्ने कोशिस गरिएको छ ।

यसै सन्दर्भमा अध्ययन क्षेत्रका व्यक्तिहरु धेरै अगाडी देखि कामको सिलसिलामा भारतका विभिन्न ठाउँमा गएको भएता पनि यस अध्ययनमा भारत बाहेकका अन्य मुलुकहरुमा रोजगारीका लागि गएका व्यक्तिलाई मात्र संलग्न गराएकाले वैदेशिक रोजगारमा जाने चलन निकै पछिबाट भएको पाइन्छ । सर्वप्रथम यस क्षेत्रबाट वि.सं. २०५५ सालमा मधेसी समुदायका एक जना व्यक्ति वैदेशिक रोजगारका लागि कतार गएका थिए । त्यसबेला देखि अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा जाने चलन शुरु भएको थियो । यस समयमा वैदेशिक रोजगारमा जाने व्यक्तिलाई औलामा गन्न सकिने अध्ययनका क्रममा उत्तरदाताहरुले बताए थिए ।

त्यसबेला वैदेशिक रोजगारमा गएका व्यक्तिको आर्थिक अवस्थामा धेरै सुधार आएकोले समाजमा उनीहरुको सामाजिक हैसियत समेत उच्च रहेको भन्ने कुरा अध्ययनका क्रममा उत्तरदाताहरुले बताए थिए । अध्ययनका शिलशिलमा एक वैदेशिक रोजगारमा संलग्न घरपरिवारसंगको कुराकानीमा वैदेशिक रोजगारमा जानु अघि ऊ र उनका परिवार आफ्नै खेतमा काम गर्ने गर्दथे । अहिले उसले साउदी अरबको कमाइले १० कठ्ठा खेत र स्थानीय स्तरको बजारमा पसल खोलेर राम्रो कमाई गर्नुको साथै अरुलाई पैसा लगानी गर्ने भएका छन् । जसले गर्दा अध्ययन क्षेत्रका अन्य व्यक्तिहरुको पनि वैदेशिक रोजगार प्रति आकर्षण हुन थालेको कुरा उत्तरदाताले बताए । हाल आएर वैदेशिक रोजगारको लागि विभिन्न देशमा जाने क्रम व्यापक वृद्धि हुँदै गइरहेको देखिन्छ । खाँडी मुलुकहरुमा जानको लागि रु. २०,००० देखि २,००,००० सम्म लागत लगाएर विभिन्न मेनपावर कम्पनि तथा दलालमार्फत युवाशक्ति विदेशिने क्रम बढेको छ । यसरी वैदेशिक रोजगारमा जाने संख्या वृद्धि हुनुको कारण देशमा भएको राजनैतिक अस्थिरता, वेरोजगार जस्ता समस्याले सृजना गरेको सामाजिक असहजताले गर्दा वि.सं. २०५८ देखि यस क्षेत्रबाट खाँडी मुलुकहरुमा जाने युवाहरुको संख्या वृद्धि भएको देखिन्छ ।


## ५.१ वैदेशिक रोजगारको प्रक्रिया

हरेक समाज मानविय अर्थतन्त्र, संस्कार र त्यसबाट निर्मित संस्कृतिको अन्तर सम्बन्धबाट समाज निर्देशित भएको हुन्छ । यसै सन्दर्भमा वैदेशिक रोजगारको प्रक्रियाको वारेमा अध्ययन गर्दा कुनै पनि व्यक्ति एकैचोटि रोजगारमा संलग्न नभई विभिन्न प्रकारको सञ्जालबाट प्रक्रिया अगाडी बढाएको पाइन्छ । यस रोजगारीमा संलग्न हुनको लागि आफ्नो समाजका व्यक्तिहरु कसरी वा कुन प्रक्रियाबाट वैदेशिक रोजगारमा संलग्न हुने गर्दछन् भन्ने कुराले पनि वैदेशिक रोजगारीको प्रक्रियाको प्रभाव पारेको हुन्छ (के.सी., २०६६: ६८) ।


सर्वप्रथम वैदेशिक रोजगारीको लागि राहदानी एकदमै नभई नहुने कुरा हो । वैदेशिक रोजगारको लागि राहदानी बनाई सकेपछि व्यक्ति कुनै पनि रोजगार एजेन्सीमा पुग्ने गर्दछ । यसरी रोजगारको लागि भिसा प्रक्रिया अगाडी बढाएर वैदेशिक रोजगार एजेन्सीले जुन देशमा आफ्नो कामदार पठाउने हो । त्यस कम्पनीबाट आफ्नो मागको आधारमा प्रक्रिया अनुसार वैदेशिक रोजगारमा संलग्न गराउने गर्दछ । यहाँका श्रमिकहरु गन्तव्य देशमा जानु अघि दुवै पक्ष (रोजगारदाता र श्रमिक) बीच सहमति पत्रमा हस्ताक्षर गर्ने गरिन्छ । त्यसपछि सम्बन्धित श्रमिक वा कामदारलाई सबै पक्षको वारेमा काम, तलब, सुविधा, सुरक्षा आदिको वारेमा स्पष्ट पार्ने गरिन्छ । कानूनतः यसरी वैदेशिक रोजगारमा पठाउने संस्थाले पूर्व स्वीकृति र अन्तिम स्वीकृति नेपाल सरकारबाट लिएर भिसा निष्कासन गर्ने र सम्बन्धित देशमा पठाउने गर्दछ ( दाहाल, २०६६: ८६) ।

यस अध्ययन क्षेत्र अन्तर्गत धेरै जसो सहभागिहरू स्थानीय चिनजानको व्यक्ति जो स्थानीय स्तरको मेनपावर कम्पनिमा आबद्ध भएको हुन्छ । उसैसँग सम्बन्धित भएर सर्वप्रथम मेनपावरको शाखा कार्यालयमा सम्पर्क गर्ने गरेको पाइयो । त्यसपछि मेनपावरको मुख्य कायालयमा सम्पर्क गरी आफ्नो पासपोर्ट सोही स्थानीय एजेन्टलाई दिएर आफू केवल मेडिकल जाँचका लागि मात्र काठमाडौं जाने गरेको पाइयो । यसरी आफ्नो पासपोर्ट एजेन्टलाई जिम्मा लगाएर भिसा आउने आशामा कम्तिमा २ देखि ८ महिना कुरेर बसी एकै चोटि अन्तिम पल्ट वैदेशिक रोजगारमा जानका लागि पैसाको जोहो गरेर काठमाडौं जाने गरेको पाइयो । तर केही कम सहभागीहरू प्रत्यक्ष रूपमा राष्ट्रिय पत्रिकाहरूमा दिइएको विवरण अनुसार सम्बन्धित मेनपावरको केन्द्रीय कार्यालयमा सम्पर्क राखेर वैदेशिक रोजगारमा संलग्न भएको पाइयो ।

**पहिलो प्रकृतिका सहभागी**




**दोस्रो प्रकृतिका सहभागीहरु**




यसप्रकार माथि उल्लेखित दुईवटा प्रकृतिका सहभागी मध्ये पहिलो प्रकृतिका सहभागीहरु लामो सञ्जालबाट रोजगारमा संलग्न भएको, खर्च पनि बढि लागेको र तलब सुविधा कम पाएको बताए भने दोस्रो प्रकृतिका सहभागीहरु आफैंले बुझेर रोजगारमा संलग्न भएको कारण खर्च कम लागेको र सहमति अनुसारको सुबिधा पाएको कुरा बताए । रोजगारमा संलग्न भएको प्रक्रियालाई यसप्रकार प्रष्ट्याउने प्रयास गरिएको छ ।

## ५.२ वैदेशिक रोजगारमा संलग्न हुनु पूर्वको पेशा

रोजगार र अर्थतन्त्रको सम्बन्ध नङ र मासुको जस्तै रहेको हुन्छ । पेशा वा रोजगार भन्नाले कुनै पनि व्यक्तिले आफ्नो जीवनयापन गर्नका लागि अपनाइने काम हो । जुन व्यक्ति स्वयं र उसको पारिवारीक जीवनसँग सम्बन्धित भएको हुन्छ । पेशाको सम्बन्ध प्रत्यक्ष अर्थतन्त्रसँग हुने गर्दछ । अध्ययनका क्रममा सहभागीहरु मध्ये उनीहरुको अवस्थाको बारेमा व्याख्या-विश्लेषण गर्ने प्रयत्न गरिएको छ । यस क्रममा वैदेशिक रोजगारमा संलन्न हुनु भन्दा अगाडीको पेशालाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०: वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडीको पेशागत विवरण**

| पूर्व पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ५ | १७ |
| डाइभिङ्ग | २ | ६ |
| अध्ययन | ८ | २७ |
| वेरोजगार | ९ | ३० |
| मजदुरी | ६ | २० |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. १० अनुसार, वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडीको पेशागत विवरणलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट संलग्न ३० जना सहभागीहरुलाई लिइएको थियो । जसमध्ये वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडीको पेशा सबैभन्दा बढि ९ जना वेरोजगार र ५ जनाले कृषि पेशाबाट जिविका गरेका थिए । डाइभिङ्ग २ जना गर्दै आफ्नो जिविका चलाउदै आएका र मजदुरी पेशा अपनाएका ६ जना रहेका थिए । त्यसैगरि अध्ययन छाडि वैदेशिक रोजगारमा गएका ८ जना रहेका थिए ।

वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडी सहभागिहरुको पेशालाई हेर्दा सबैभन्दा बढि वेरोजगार पेशा अपनाउने देखियो । मजदुरी, कृषि र अध्ययन विभिन्न पेशामा संलग्न भएता पनि त्यस पेशाबाट प्राप्त आम्दानीले आफ्नो परिवारको पालन-पोषण गर्न गाह्रो भएकाले पनि वैदेशिक रोजगारमा संलग्न भएको अध्ययनका क्रमा उत्तरदाताहरुले बताए थिए । साथै अध्ययन गर्दै गरेका, वेरोजगार र कृषि पेशामा संलग्नहरु पनि बढि आम्दानी गर्नको लागि र साथीभाई गएको देखेर वैदेशिक रोजगारमा संलग्न भएको पाईयो । अध्ययनमा संलग्न गराईएका मध्ये केहि सहभागीहरु वैदेशिक रोजगारमा संलग्न भएर पनि आम्दानीमा त्यत्ति सुधार नभएकाले फर्किएको बताए ।

## ५.३ वैदेशिक रोजगारबाट फर्किए पछिको पेशा

वैदेशिक रोजगारमा जानु पूर्व संलग्न (कृषि ५, डाइभिङ्ग २, अध्ययन ८, मजदुरी ६ र वेरोजगार ९) घरपरिवारले पेशा अपनाएको देखियो । रोजगारबाट फर्किआएपछि सहभागिहरुले जीविका पार्जनको रणनीतिमा परिवर्तन गरेको पाईयो र के-कस्तो पेशा अंगालेका छन् भनि निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११: वैदेशिक रोजगारबाट फर्किएपछिको पेशागत विवरण**

| हालको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २ | १८ |
| व्यापार | ४ | ३७ |
| वेरोजगारी | ४ | ३७ |
| मजदुरी | १ | ९ |
| जम्माः | ११ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. ११ अनुसार, वैदेशिक रोजगारबाट फर्किआएपछिको पेशागत विवरणलाई विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट फर्किएका ११ जना मध्ये ४ सहभागिले व्यापार पेशा अपनाईएको देखियो । तुलनात्मक रुपमा वैदेशिक रोजगारमा संलग्न हुनु भन्दा पहिला व्यापार पेशामा नअपनाईएको वैदेशिक रोजगारबाट फर्की सकेपछि बृद्धि भएको पाईयो, किनकि वैदेशिक रोजगारबाट कमाएको पैसाले जग्गा जमिन जोडेकोले गर्दा व्यापार पेशा अपनाउनेको संख्या बढि देखिएको हो । त्यसैगरि व्यक्तिको आर्थिक अवस्थामा सुधार भए संगै परम्परागत पेशामा परिवर्तन गरेको देखिन्छ । अध्ययनका क्रममा वैदेशिक रोजगारमा संलग्न भए पश्चात व्यक्तिको आर्थिक अवस्थामा आएको सुधार संगै मजदुरी पेशालाई त्याग्ने गरेको देखियो । समाजमा मजदुरी पेशालाई निम्न स्तरको पेशाको रुपमा हेर्ने मानसिकता रहेको कारण आफ्नो आर्थिक अवस्थामा सुधार आए संगै उक्त पेशालाई छाड्ने गरेको देखियो । त्यस्तै केहि संख्यामा वैदेशिक रोजगारबाट फर्किए पश्चात वेरोजगार रहेको देखियो । उनिहरुको भनाई अनुसार वैदेशिक रोजगारमा जानु भन्दा अगाडि अपनाउदै आएको पेशा पनि अंगाल्न नसक्नु र नयाँ कुनै अन्य पेशा पनि नअपनाईएको कारण वेरोजगार भएको

बताएका थिए । केहि वेरोजगारीहरुले चाहि राम्रो ठाउँ र बढि तलब पाए फेरि रोजगारमा जाने विचारले केहि समय वेरोजगार बसेको बताएका थिए । तर केहि व्यक्तिहरुले भने देशमा रोजगारको अवस्था सृजना हुनसके वैदेशिक रोजगारमा नजाने बताएका थिए ।

यसरी अध्ययनमा सहभागीहरुको भनाइ अनुसार आफ्नो आर्थिक अवस्थामा आएको परिवर्तन संगै उसको पेशा लगायत जीवनयापनका प्रकृयामा समेट परिवर्तन आउने गरेको देखियो ।

## ५.४ आर्जित रकमको उपयोग

वैदेशिक रोजगारबाट आर्जन गरेको रकमले के-कस्तो कार्यमा खर्च गरेका छन् भनी रोजगारबाट फर्केर आएका सहभागीहरुको भनाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं.१२: वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोग सम्बन्धी विवरण**

| रकमको उपयोग | संख्या | प्रतिशत |
|---|---|---|
| जग्गा-जमिन/घरेडि किने | १ | ३ |
| घर बनाए | ९ | ३० |
| व्यापार गरे | २ | ७ |
| ऋण तिरे | १४ | ४७ |
| ऋन्य | ४ | १३ |
| जम्मा: | ३० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. १२ अनुसार, वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोग के-कसरी गरेका छन् भनी विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट संलग्न ३० जना सहभागिलाई लिइएको छ । जसमध्ये सबैभन्दा बढि १४ जनाले ऋण तिर्नको लागि वैदेशिक रोजगारबाट आर्जित रकम खर्चेको बताए । यस अध्ययनमा ऋण भन्नाले रोजगारमा जानु पूर्वको ऋण र रोजगारमा जाँदा लागेको सम्पूर्ण खर्च भन्ने बुझिन्छ । त्यस्तै उनिहरुले विदेशमा आर्जन गरेको रकमको दोस्रो ठूलो हिस्सा ९ जनाले घर बनाउनमा लगानी गरेको देखियो । व्यापार व्यावसाय गर्दा तुलनात्मक रुपमा अन्य पेशामा भन्दा शारिरीक परिश्रम कम हुने भएकाले यस तर्फ आर्कषण बढेको उनिहरुको भनाई आएको थियो । त्यसैगरि वैदेशिक रोजगारबाट आर्जित रकमको १ जनाले रकम जग्गा-जमिन तथा घर घरेडि खरिदमा लगानी गरेको देखिन्छ । अध्ययन

क्षेत्रबाट प्राप्त तथ्याङ्क अनुसार अध्ययनमा समेटिएका उत्तरदाताहरु मध्ये विदेशमा आर्जन गरेको रकमको जम्मा ४ जनाले मात्र अन्य विविध क्षेत्रमा खर्च गरेको भन्ने देखियो ।

यस अध्ययनको क्रममा सहभागीहरुको भनाई अनुसार अल्पकालिन रुपमा भए पनि वैदेशिक रोजगारीले आर्थिक सुधार ल्याई घर परिवारको तहमा सकारात्मक परिवर्तन ल्याएको र केहि थोरै व्यक्तिहरुले मात्र खासै परिवर्तन नआएको बताए थिए । विदेशिनु विविध आ-आफ्नै बाध्यात्मक परिस्थिति भएता पनि वैदेशिक रोजगारीलाई एउटा राम्रो अवसरका रुपमा लिएको देखियो । जुन कुरालाई प्रष्ट पार्नका लागि सहभागीमध्ये एक जनाको घटनालाई वैयक्तिक अध्ययनको रुपमा प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्रमा बस्दै आएका ३२ वर्षिया एक सहभागीले आफू र आफ्नो परिवारको जीविका चलाउनको लागि घरपरिवारको सहयोगमा वैदेशिक रोजगारमा जाने निर्णय गरेको बताए । सुरुमा घरमा कमाई नभएर आर्थिक अवस्था कमजोर भएको बताएका थिए । जसले गर्दा सानो-तिनो समस्या पर्दा चाडपर्व मान्न, बिरामी पर्दा पनि आफन्तसित ऋण काढ्नुपर्ने स्थिति थियो । गाउँघरका सबै वैदेशिक रोजगारमा गएको देखेपछि उनी पनि परिवारको सल्लाहले आफन्तसित ऋण रु. ५०,००० रकम निकाली साउदी अरब गएको बताए । त्यहाँ पुगेर उसले शुरुमा केहि महिना salesmanमा काम गरेको र पछि उनलाई उसको मालिकले cashier बनाई दिएको बताए । यसरी करिब ३ वर्ष जति cashier चलाउँदा उनले मासिक रु. ४४,००० कमाउने गरेको बताए । उनी करिब ३ वर्षको साउदी अरब बसाई पछि नेपाल फर्किएका थिए । वैदेशिक रोजगारबाट कमाएको रकमले ऋण तिरेको, जग्गा किनेको, विवाह गरे र पुनः विदेश फर्किएको कुरा बताएका थिए । त्यस पछि पनि करिब २ वर्ष नै साउदी अरबमा काम गरि नेपाल फर्किएको बताएका थिए । अहिले आएर उनले शोधको अध्ययन क्षेत्रमा एक तले पक्की घर बनाएका र त्यही आफ्नो घर नजिकको बजारमा पसल सुरु गरेको देखिन्छ । जसको कारण उनको परिवारमा सुधार आएको बताउनुका साथै वैदेशिक रोजगारमा जानु अघि आफन्तसित ऋण र सापट लिनुपर्ने स्थिती थियो । अहिले उसले अरुलाई सरसापट दिनसक्ने भएको सम्म बताए । वैदेशिक रोजगारको कारणले नै उनको परिवारको जीवनस्तरमा सुधार आएको देखिन्छ ।

समग्रमा हेर्दा खेरि बहुसंख्यक रोजगार र अर्धवेरोजगार जनशक्ति जसको कमाइनै नहुने वा भएको कमाइले खर्च नपुग्ने अवस्थाका जनशक्तिहरुले पनि छोटो समय वा अल्पकालिन रुपमा भएपनि केहि आम्दानी गर्ने अवसर वैदेशिक रोजगारको आम्दानीबाट परिवारको आर्थिक स्थितिमा सुधार आएको देखिन्छ ।

## ५.५ सीप

सामान्य अर्थमा सीप भन्नाले कुनै पनि व्यक्तिले गर्ने काम वा जानेको कामलाई जनाउँछ । वैदेशिक रोजगारको सम्बन्धमा सीपले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कतिपय अवस्थामा व्यक्तिहरु वैदेशिक रोजगारमा संलग्न हुनुभन्दा अगाडी कुनै सीप सिकेको अवस्थामा सीप अनुसारको काम पाएका हुन्छन् । जसले गर्दा आम्दानी पनि बढि हुने गर्दछ भने कतिपयले विदेशमा काम गर्ने सिलसिलामा विभिन्न प्रकारको सीप सिकेको पाइन्छ । यसै सन्दर्भमा सहभागीहरुले विदेशमा कुनै सीप सिके वा सिकेनन भनी यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३: वैदेशिक रोजगारमा सिकेको सिप सम्बन्धी विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सिप सिके | १३ | ४७ |
| सिप सिकिन | १६ | ५३ |
| जम्मा: | ३० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. १३ अनुसार, वैदेशिक रोजगारमा सिकेको सीप सम्बन्धमा विश्लेषण गरिएको छ । अध्ययन क्षेत्रमा वैदेशिक रोजगारबाट संलग्न ३० जना सहभागि मध्ये १६ जना सहभागीहरूले सामान्य कामदारको रूपमा विदेश जाने गरेकोले गर्दा सीपमुलक काममा संलग्न हुन नपाएको कुरा बताए भने कुनै सीप नसिकिकन फर्किएको बताएका थिए भने १३ जनाले राम्रो काम पाएकोले आफ्नो जीवनमा कुनै न कुनै दिन काम लाग्ने सीप सिकेर फर्केको बताएका थिए । अध्ययनमा सहभागीहरुको भनाई अनुसार सामान्य कामदारको रुपमा विदेश जाने गरेकाले सीपमूलक काममा संलग्न हुन नपाएको देखिन्छ । केही थोरै संख्याले मात्र ड्राइभिङ्ग, व्यवस्थापन र मेसिनरी जस्ता काम सिकेर फर्किएको अध्ययनका क्रममा सहभागीहरु बताएका थिए । यसै सन्दर्भमा एक जना सहभागीले आफूले विदेशमा ड्राइभिङ्गको काम

सिकेकाले हाल आएर ड्राइभिङ्ग पेशा अपनाई घर व्यवहार चलाई बसेको बताएका थिए । यसरी वैदेशिक रोजगारमा सिकेको सीप नेपालमा उपयोग गर्न सके अर्थात उपयोग गर्ने वातावरण सृजना हुन सकेको अवस्थामा आफ्नो परिवारको जीवन निर्वाह राम्ररी गर्न सकिने कुरा सहभागीहरुले बताए थिए ।

## ५.६ भाषा

भाषा एउटा सञ्चारको माध्यम हो । वैदेशिक रोजगारमा भाषाको महत्वपूर्ण भुमिका हुने गर्दछ । वैदेशिक रोजगारमा संलग्न हुनु भन्दा पहिला सम्वन्धित ठाँउको भाषाको ज्ञानको कमिले गर्दा विविध समस्या भ्रेल्नु परेको तथा मेहनत गरे अनुसारको तलव सुबिधाबाट वन्चित हुनु परेको गुनासो धेरै उत्तरदाताहरुले बताएका थिए । अतः भाषा एउटा सञ्चारको माध्यम मात्र नभई वैदेशिक रोजगारमा संलग्नहरुको लागि प्रत्यक्ष यसको संवन्ध अर्थ उपार्जनसंग अर्थात उसको तलब सुबिधासंग पनि रहेको छ । सहभागीहरुको भनाई अनुसार वैदेशिक रोजगारको क्रममा सिकेको भाषाले गर्दा आउने दिनमा वैदेशिक रोजगारमा पुनः संलग्न भएमा भाषिक सहजताले गर्दा काममा सहज हुने र तलब सुविधा पनि राम्रो हुनेमा आशावादी रहेको पाईयो ।

समग्रमा हेर्दा बहुसंख्यक वेरोजगार र अर्धवेरोजगार जनशक्ति जसको कमाइले घरखर्च नपुग्ने अवस्थामा रहेका व्यक्तिहरुले अल्पकालिन रुपमा भएपनि रोजगार भई केहि आम्दानी गर्ने अवसर वैदेशिक रोजगार मार्फत प्राप्त भएको देखियो । जसमा तुलनात्मक रुपमा वैदेशिक रोजगारमा संलग्न सहभागीहरुको आवश्यकताको प्राथमिताको आधारमा घर बनाउने, जग्गा जमिन किन्ने, व्यापार व्यावसाय, विवाह गर्ने तथा बालबच्चाको शिक्षामा लगानी गर्ने आदि जस्ता कार्यहरुबाट केहि हदसम्म भएपनि आर्थिक अवस्थामा सुधार तथा सकारात्मक प्रभाव पारेका देखिन्छ । त्यस्तै वैदेशिक रोजगारको कमाइले मोवाइल, ल्यापटप, टि.भी.,क्यामरा,साउण्ड सरभीस जस्ता आधुनिक संचारका साधनहरुको उपभोगमा बृद्धि भएको देखिन्छ, यसको पछाडि प्रत्यक्ष आर्थिक लगानी भएको देखिएता पनि अप्रत्यक्ष रुपमा सामाजिक हैसियत संग सम्बन्धमा देखिन्छ ।

## ५.७ वैदेशिक रोजगारीले समाजमा पारेको सामाजिक प्रभाव

यस अध्यायमा वैदेशिक रोजगार र यसले समाजमा ल्याएको सामाजिक परिवर्तनको सम्बन्धमा विश्लेषण गरिएको छ । जसका लागि वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरु तथा

उसका घरपरिवारसंग प्रत्यक्ष अन्तर्वार्ता, वैयक्तिक अध्ययन, समूह छलफल लगायत अनौपचारिक छलफल विधिहरुबाट आएका जानकारीहरुको आधारमा वैदेशिक रोजगारीले समाजमा पारेको सामाजिक प्रभावका बारेमा प्रष्ट पार्ने कोशिस गरिएको छ ।

समाजमा व्यक्ति तथा परिवारको आ-आफ्नै भूमिका रहेको हुन्छ, जसले समाजलाई निरन्तर अगाडी बढाउन महत्वपूर्ण भूमिका खेलेको हुन्छ । वैदेशिक रोजगारमा संलग्न घरपरिवारसंग वैदेशिक रोजगारले समाजमा ल्याएको सामाजिक प्रभावका बारेमा छलफल तथा कुराकानी गरि उनीहरुको भनाईहरुलाई विश्लेषण गरिएको छ । यसै सन्दर्भमा वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा घरपरिवारसंग गरिएको कुराकानीको सारांशलाई वैदेशिक रोजगारले समाजमा सामाजिक परिवर्तन ल्याएको 'छ' र 'छैन' भनि आएको उत्तरलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.१४: वैदेशिक रोजगारीले समाजमा पारेको सामाजिक परिवर्तन सम्बन्धी विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| परिवर्तन आएको छ | २६ | ८७ |
| परिवर्तन आएको छैन | ४ | १३ |
| जम्मा: | ३० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।

तालिका नं. १४ अनुसार वैदेशिक रोजगारीमा संलग्न घरपरिवारको भनाईहरुको आधारमा रोजगारमा संलग्न भएपछि समाजमा उनिहरुको सामाजिक अवस्थाका बारेमा विश्लेषण गरिएको छ । वैदेशिक रोजगारीको सम्बन्ध प्रत्यक्ष आर्थिक कृयाकलाप संग देखिएता पनि यसले समाजका विविध पक्षहरुमा महत्वपुर्ण प्रभाव पारिरहेको हुन्छ । यस अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न ३० जना मध्ये २६ जना उत्तरदाताहरुले प्रत्यक्ष-अप्रत्यक्ष रुपमा वैदेशिक रोजगारीले समाजमा सामाजिक परिवर्तन गर्न महत्वपुर्ण भुमिका खेल्ने गरेको बताएका थिए भने मात्र ४ जना उत्तरदाताहरुले वैदेशिक रोजगारीले समाजमा खासै प्रभाव नपारेको औल्याएका थिए । यसरी वैदेशिक रोजगारले समाजमा पारेको सामाजिक परिवर्तन आउनुमा सहभागिको सीप, संलग्न भएको देश कम्पनी महत्वपूर्ण कारक तत्व रहेको पाइयो । यसका साथै सहभागी स्वयंमले पनि बचतको अवधारणालाई मन गरेको कुरा बताए भने सामाजिक

परिवर्तन आएकोमा छैनमा उत्तरदाता दलालको झुटो आश्वासनले गर्दा सम्बन्धित देश तथा कम्पनी त्यति राम्रो नभएकाले आफ्नो लगानी मात्र उठाएर फर्किएको कुरा बताए ।

वैदेशिक रोजगारमा संलग्न भएपछि आर्थिक अवस्थामा परिवर्तन हुने भएकोले उनीहरुको सामाजिक अवस्थामा प्रत्यक्ष प्रभाव परेको देखिन्छ । वैदेशिक रोजगारमा संलग्न भई सकेपछि आम्दानी बृद्धिकै कारणले गर्दा वैदेशिक रोजगारमा संलग्न हुनु भन्दा पहिला आर्थिक सरसापट तथा ऋणको लागि कसैले नदिने अवस्था थियो भने वैदेशिक रोजगारमा संलग्न भई सकेपछि विदेशबाट पैसा पठाउँछन भन्ने सोचाईले समुदायबाट आर्थिक सरसापट तथा ऋण लेनदेनमा सहज भएको कुरा अध्ययनमा संलग्न मध्ये धेरै उत्तरदाताहरुले बताएका थिए । व्यक्ति तथा घरपरिवारको आर्थिक अवस्थामा परिवर्तन आएपछि समाजले उसलाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आएको पाइन्छ । त्यस्तै परिवारको पुरुष सदस्य वैदेशिक रोजगारमा संलग्न भए पछि घर भित्रको निर्णयमा पहुँचको तुलनात्मक रुपमा बृद्धि भएता पनि अझै कुनै-कुनै घरपरिवारमा अन्तिम निर्णय पुरुषको नै रहेको पाईयो । त्यस्तै परिवारको पुरुष सदस्य वैदेशिक रोजगारमा संलग्न भएकाले घर भन्दा बाहिरको काम तथा समुदायिक काम-काजमा महिला सहभागिता हुनुको साथै सामुदायिक कार्य गर्न पाउँनुलाई महिलाहरुले अवसरको रुपमा लिएको अध्ययनको क्रममा पाईयो । जसले गर्दा समाजमा महिला सहभागिता र महिला सचेतना जस्ता कार्यहरुमा बृद्धि भएको देखिन्छ । जव व्यक्ति घर भन्दा बाहिरी समाजसंग सम्वन्ध राख्ने अवसर मिल्छ, उसले बाहिरी समाजबाट धेरै कुराहरु सिक्ने अवसर प्राप्त गर्दछ ।

नेपाली समाजमा वैदेशिक रोजगारी तर्फको आर्कषण बृद्धि भई रहेको देखिन्छ । दिर्घकालिन रुपमा हेर्ने हो भने यसले समाजमा सकारात्मक-नकारात्मक दुवै पक्षमा उत्तिकै भुमिका खेल्ने देखिन्छ । देशमा रोजगारको अवस्था सृजना हुन नसकेपछि यसको निकास खोज्नु स्वाभाविकै हो । त्यसैले नेपाल सरकारले संस्थागत रुपमा हाल ११० वटा देशमा वैदेशिक रोजगारीमा जानको लागि खुल्ला गरेको छ ।

नेपाली नागरिकहरु जस्तोसुकै जोखिम सहेर पनि काम गर्नका लागि जान बाध्य भएका छन् । यसबारे सरकारले त्यत्ति चासो दिएको छैन । नेपाल सरकारले विप्रेषण भित्राउने काममा मात्र ध्यान दिएको छ । विदेशमा नेपाली कामदारलाई प्रायः अदक्ष कामदारको रुपमा मानिन्छ । नेपालको अव्यवहारिक शिक्षा नीतिको कारण शिक्षित युवाहरु पनि थोरै तलब सुविधामा विदेशिनु

परेको देखिन्छ । जसको कारण अन्य देशका कामदार र नेपाली कामदारको बीच पारिश्रमिकमा पनि विभेद भएको अध्ययनका क्रममा सहभागिहरुले बताइएका थिए । विदेशमा नेपाली कामदार माथि भएको उत्पिडन, हिंसा र असुरक्षा प्रति नेपाल सरकार मौन रहेको देखिन्छ ।

## ५.८ वैदेशिक रोजगारीलाई समाजले हेर्ने दृष्टिकोण

देशको वर्तमान वेरोजगारी समस्याले गर्दा युवा पिढिको आकर्षण वैदेशिक रोजगार तर्फ देखिन्छ । यस अध्ययन क्षेत्रमा पनि ठूलो संख्यामा युवा पिढि वैदेशिक रोजगारीको शिलशिलामा विदेशिएका देखिन्छन् । स्थलगत भ्रमणका बेलामा आफ्नो जीवनकाल भरीमा एक पटक पनि विदेश नगएको घरधुरी संख्या ज्यादै न्यून रहेको तथ्याङ्क संकलन भयो । यस अर्थमा यो अध्ययन क्षेत्रमा बसोबास गर्ने समुदायको जनसंख्याको ठूलो हिस्सा वैदेशिक रोजगारीको नाउँमा विदेशिएका छन् । वैदेशिक रोजगारीको शिलशिलामा खाडी मुलुक लगायत दुबई, कतार, साउदी अरब र पछिल्लो चरणमा मलेसिया पुग्नेको संख्या धेरै देखिन्छन् ।

यतिका संख्यामा युवाहरु बाध्यात्मक परिस्थितिले नै विदेशिएका हुन त भन्ने जिज्ञासालाई घर बिदामा आएका जम्मा ३० जनासँगको व्यक्तिगत अन्तर्वार्ताका क्रममा १ जनाले मात्र घरको आर्थिक अवस्था कमजोर अर्थात गरिबीको कारणले विदेशिएको तर्क गरे भने बाँकी २९ जना उत्तरदात्ताले छरछिमेक तथा साथीभाईको देखासिकीमा र घरपरिवारकै सल्लाहमा धेरै कमाउनको लागि विदेशिएको बताए । केही वैदेशिक रोजगारमा जानेहरुको तडक भडक र देशको वर्तमान वेरोजगारी समस्याले गर्दा युवा पिढिको आकर्षण वैदेशिक रोजगार भएको हो ।

अध्ययन क्षेत्रमा बसेर यस बारेमा छलफल, कुराकानी गर्दा नेपालको वर्तमान वेरोजगारी समस्याले गर्दा रोजगार पाउने राम्रो ठाउँ युवाहरु विदेश देखिरहेका छन् । धेरै संख्यामा युवाहरु साथीभाई, छरछिमेकको देखासिकीमा उतै तिर लाग्ने सोंच र प्रवृति देखियो । यस भनाईबाट आर्थिक अभावको कारण मात्र नभइ अहिलेको नेपालको अव्यभारिक शिक्षा नीतिले गर्दा वेरोजगार बस्नु पर्ने र चाडै पैसा कमाई आफ्नो आर्थिक अवस्था मजबुत बनाउने सोंचले यस समुदायका व्यक्तिहरु वैदेशिक रोजगार तर्फको आकर्षणमा परेको देखिन्छ ।

यस अध्ययन क्षेत्रका वैदेशिक रोजगारमा सहभागीहरुको धारणा अनुसार आर्थिक पक्षमा सकारात्मक भुमिका खेलेको बताए । जसले गर्दा उनिहरुलाई समाजले हेर्ने दृष्टिकोण फरक

भएको बताए । तर धेरै सहभागीहरुले यस वैदेशिक रोजगारलाई मर्यादित, सुरक्षित बनाउनु पर्छ भन्ने धारणा व्यक्त गरेको पाइयो । जस्तोसुकै काममा पनि सीप, योग्यता, क्षमताको आधारमा निश्चित देशमा कामदारलाई अनुमति दिनु पर्छ र सरकार पनि यसप्रति उत्तरदायी भई प्रक्रियागत रुपमा जानुपर्ने धारणा उनिहरुको थियो ।

यसप्रकार नेपाली युवाहरु दैनिक रुपमा वैदेशिक रोजगारको नाउँमा विदेशिनु आफैमा राम्रो नभएता पनि देशको वर्तमान वेरोजगारी समस्यालाई मध्यनजर गर्ने हो भने अल्पकालिन समयको लागि भए पनि यसले आर्थिक लगायत सामाजिक पक्षमा सकारात्मक भुमिका खेलेको देखिन्छ । व्यक्तिको आर्थिक पक्षमा सुधार संग सगै उसको सामाजिक हैसियत पनि माथि उक्लेको देखिन्छ । आर्थिक पक्ष र सामाजिक क्षेत्रको सम्बन्ध नङ र मासुको जस्तै हुने भएकाले आर्थिक पक्षमा सुधार आएपछि सामाजिक सम्बन्धमा सकारात्मक परिवर्तन ल्याएको छ भन्ने सहभागीहरुको धारणा रहेको पाइयो ।

# अध्याय- छ

# अध्ययनको सारांश तथा निष्कर्ष

## ६.१ सारांश

वैदेशिक रोजगार र यसले समाजमा ल्याएको परिवर्तन सम्बन्धी विश्लेषण गर्नका लागि सर्लाही जिल्लाको सुन्दरपुर चुहडवा वाडं नं. ८ पिपरा भितामा अध्ययन गरिएको थियो । यस अध्ययनको लागि विभिन्न समस्यालाई उठान गरिएको छ । वैदेशिक रोजगारमा संलग्न परिवार रोजगारीमा जानु अघि र गई सकेपछिको आर्थिक तथा सामाजिक अवस्थामा के-कस्तो परिवर्तन आयो । वैदेशिक रोजगारमा जाने कामदारको अवस्था र जाने प्रक्रिया कस्तो छ भन्ने बारेमा पनि विश्लेषण गरिएको छ ।

यस अध्ययनको मूल उद्देश्य वैदेशिक रोजगारमा संलग्न घरपरिवारको जीवनस्तरमा आएको आर्थिक परिवर्तनको अध्ययन र यसले समाजमा पारेको सामाजिक प्रभाव तथा वैदेशिक रोजगारप्रति आकर्षणको विश्लेषण गर्नु रहेको थियो ।

अध्ययनको उद्देश्यको आधारमा तयार पारिएका प्रश्नमा आधारित भएर वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारसँग विविध अनुसन्धान विधिहरुको प्रयोग गरि विविध जानकारी तथा तथ्याङ्क संकलन गरि विश्लेषण गरिएको छ ।

अध्ययन क्षेत्रबाट वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा परिवारहरुमा सबै थारु समुदायबाट संलग्न भएको पाइयो । लैङ्गिक रुपमा हेर्दा ३० जना सहभागीहरुमा सबै पुरुष मात्र वैदेशिक रोजगारमा संलग्न भएको देखियो । यसरी उमेरगत हिसाबले पनि सवै सक्रिय उमेर समुहका युवाहरु बढि मात्रामा वैदेशिक रोजगारमा संलग्न भएको पाइन्छ ।

वैदेशिक रोजगारमा संलग्नहरुको जमिनको मात्रालाई विश्लेषण गर्दा जग्गा-जमिन हुने र नहुने दुवै वर्गका घरपरिवारको संलग्नता रहेको पाईयो । अध्ययनमा सहभागीहरुको भनाईमा जमिनको उत्पादनले राम्रो संग खान पुगेता पनि छोरा-छोरी राम्रो निजी विधालयमा पढाउन, विवाह गर्ने र अन्य खर्च गर्न नपुग भएकाले वैकल्पिक पेशाको रुपमा आफ्नो परिवारको सदस्य वैदेशिक रोजगारमा संलग्न हुनु परेको बताए थिए ।

त्यसैगरि वैदेशिक रोजगारमा जानुपर्ने कारण सम्बन्धमा १ जना उत्तरदात्ताले घरको आर्थिक अवस्था कमजोर अर्थात गरिबीको कारणले विदेशिएको तर्क गरे भने बाँकी २९ जना

उत्तरदात्ताले छरछिमेक तथा साथीभाईको देखासिकीमा र घरपरिवारकै सल्लाहमा धेरै कमाई हुन्छ भन्ने मान्यताले विदेशिएको देखिन्छ । जसले गर्दा घरमा बृद्ध-बृद्धा र बाल-बच्चा मात्र भएकाले महिलाहरु माथि दोहोरो जिम्मेवारी थपिन गई घरभन्दा बाहिर सामुदायिक काम-काजमा महिलाहरु आएको देखिन्छ । यसले गर्दा समाजमा लैङ्गिक विभेद कम गर्न सहयोग गरेको देखिन्छ । त्यसैगरि वैदेशिक रोजगारबाट प्राप्त आम्दानीले सहभागी घरपरिवारको आर्थिक अवस्थामा सुधार आई सामाजिक सम्बन्धमा पनि सुधार आएको देखियो ।

वैदेशिक रोजगारमा संलग्नका घरपरिवारका बालबालिकाको शैक्षिक अवस्थालाई हेर्दा रोजगारमा संलग्न हुनुभन्दा अगाडी सरकारी विधालयमा अध्ययन गराएको पाइयो । तर वैदेशिक रोजगारमा संलग्न भएपछि आम्दानीमा सुधार आएकाले तुलनात्मक रुपमा सरकारी विधालयमा भन्दा निजी विधालयहरुमा पढाई राम्रो हुन्छ भन्ने उद्देश्यले धेरैजसो घरपरिवारको बालबालिका निजी विधालयमा पढाउन शुरु गरेको पाईयो ।

त्यस्तै वैदेशिक रोजगारमा संलग्नका घरपरिवारको पेशागत विवरणलाई हेर्दा सबै भन्दा बढि वेरोजगार पेशा र व्यापार व्यावसाय गर्ने घरपरिवारले पेशा परिवर्तन गरेको देखियो । वैदेशिक रोजगारमा संलग्न भएपछि आम्दानीमा वृद्धि सगै अपनाउँदै आएको पेशामा पनि परिवर्तन भएको देखिन्छ । यसैगरि वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोग जग्गा जमिन खरिदमा, घर निर्माणमा, व्यापार व्यावसायमा, बालबच्चाको शिक्षामा, ऋण तिर्न र विवाहमा लगानी गरेको देखिन्छ । समग्रमा सहभागीहरुको भनाइको आधारमा अल्पकालिन रुपमा भए पनि वैदेशिक रोजगारले उनीहरुको आर्थिक अवस्थामा सुधार ल्याई सकारात्मक परिवर्तन ल्याएको र यसले गर्दा समाजिक संम्वधमा पनि सकारात्मक भुमिका निभाएको पाईयो ।

देशमा रोजगारीको अवसर कम सृजना भएको कारण वैदेशिक रोजगारलाई वैकल्पिक माध्यमको रुपमा लिइएको हो । जसले वैदेशिक रोजगारमा संलग्न परिवारहरुको आर्थिक अवस्थामा सुधार ल्याई सामाजिक सम्बन्धमा परिवर्तन ल्याएको देखिन्छ । अध्ययनको उद्देश्य अनुरुप सहभागीहरुले दिएको सूचनाको आधारमा यस अध्ययनको निश्कर्षलाई तल उल्लेख गरिएको छ ।

यस वडाको कुल जनसंख्या १६७९ मध्ये पुरुष ८५४ र महिला ८२५ रहेता पनि कुल घरधुरी ३०७ रहेको छ । अध्ययनका क्रममा ३० घरधुरीलाई जनगणना विधि अनुसार नमूना

छनौटका रुपमा लिइएको थियो । जसमध्ये १९ घरधुरीमा वैदेशिक रोजगारमा संलग्नका घरमुलीलाई र बाँकी ११ घरधुरीमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई समावेश गरिएको हो । वैदेशिक रोजगारमा जानु अघि र वैदेशिक रोजगारबाट फर्किसकेपछि उनीहरुको घरपरिवारका साथै व्यक्तिमा आएको आर्थिक तथा सामाजिक परिवर्तन हेर्नु रहेको थियो । अध्ययनको लागि थारु समुदायका ३० घरधुरीलाई संलग्न गरिएको थियो ।

सम्रगमा यस अध्ययन क्षेत्रमा वैदेशिक रोजगारमा जाने मानिसहरु सक्रिय उमेर समुहका तर धेरै संख्यामा साक्षर र वेरोजगार पेशा अपनाएकाहरु देखियो । महिला संलग्नता भने शुन्य रहेको देखियो, यस्तो हुनुमा पितृसत्तात्मक समाज बाधक देखिन्छ ।

जमिनको अवस्थालाई हेर्दा खान पुग्ने र नपुग्ने दुवै वर्गीय समुदायबाट वैदेशिक रोजगारमा संलग्न भएको देखिन्छ । घरको वनावटलाई विश्लेषण गर्दा सबैभन्दा बढि कच्ची घर भएका र सबैभन्दा कम पक्की घर भएको देखियो ।

वैदेशिक रोजगारबाट आर्जित रकमको सबै भन्दा ठूलो हिस्सा १४ जनाले ऋण तिर्नमा खर्चेको पाईयो । त्यस्तै वैदेशिक रोजगारबाट आर्जित दोस्रो ठूलो रकम ९ जनाले घर बनाउनमा लगानी लगायो । तथ्याङ्कीय रुपमा हेर्ने हो भने अध्ययनमा सहभागीहरु मध्येबाट ९४ प्रतिशत उत्तरदाताहरुले आर्थिक सुधार भएको छ भनि बताएका थिए ।

## ६.२ निष्कर्ष

मुख्यतः बेरोजगार र कृषिमा संलग्न भई अर्धबेरोजगार अवस्थामा रहेका व्यक्तिहरूले नै वैदेशिक रोजगार सेवालाई आफ्नो रोजगारीको माध्यम बनाएको पाइन्छ । यसको पनि वैदेशिक रोजगारमा संलग्न हुने प्रकृयामा भिन्नता पाइयो । जस अन्तर्गत धेरै सहभागीहरू लामो प्रक्रियाबाट अर्थात स्थानिय एजेन्ट, स्थानिय मेनपावर, केन्द्रीय एजेन्ट, केन्द्रीय मेनपावर गर्दै सम्बन्धित देश पुगेको पाइयो, जसले गर्दा सहभागीहरूको धन तथा समयको बढी खर्च भएको देखियो । तर केही सहभागीहरू छोटो प्रक्रियाबाट अर्थात सिधै केन्द्रीय मेनपावरमा सम्पर्क राखेर सम्बन्धित देशमा गएको देखिन्छ, जसले गर्दा उनीहरूको धन तथा समय कम खर्च भएको पाइयो ।

सहभागीहरूको संलग्नतालाई हेर्दा आर्थिक क्रियाकलापमा सक्रिय रहने उमेर समूहका शिक्षित युवा जनशक्तिहरू बढी मात्रामा वैदेशिक रोजगार सेवामा संलग्न हुने गरेको देखिन्छ । जसमा पुरूषहरूको नै बाहुल्यता पाइयो । यसो हुनुमा पितृसत्तात्मक समाज एउटा कारक तत्व

देखिन्छ । धेरै जसो युवा जनशक्ति वैदेशिक रोजगारमा संलग्न भएकाले गाउँमा केवल बुढा-बुढी, आइ-माई र केटा-केटी संख्या बढिरहेको देखियो जसले गर्दा जन्ती, मलामी लगायत सामुदायिक वा सामूहिक कार्यमा युवाहरूको सहभागीता ज्यादै न्युन रहेको देखियो । यसका साथै क्रियाशिल वा उत्पादनशिल जनशक्ति वैदेशिक रोजगारमा संलग्न भएकाले कृषि उत्पादनमा कमि आएको अलावा अन्य पेशाहरू (व्यापार, व्यावसाय, नोकरी) अपनाएको देखियो । यसरी परम्परागत पेशामा बिस्तारै बिस्तारै परिवर्तन आउन थालेको देखिन्छ ।

वैदेशिक रोजगारमा संलग्न भएपछि आर्थिक अवस्थामा आएको परिवर्तनले उनीहरुको सामाजिक अवस्थामा प्रत्यक्ष प्रभाव परेको देखियो । वैदेशिक रोजगारमा संलग्न भई सकेपछि आम्दानी बृद्धिकै कारणले गर्दा वैदेशिक रोजगारमा संलग्न हुनु भन्दा पहिला आर्थिक सरसापट तथा ऋणको लागि कसैले नदिने अवस्थामा परिवर्तन आएको देखिन्छ । व्यक्ति तथा घरपरिवारको आर्थिक अवस्थामा परिवर्तन आएपछि समाजले उसलाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आउने देखियो । त्यस्तै परिवारको पुरुष सदस्य वैदेशिक रोजगारमा संलग्न भए पछि महिलाहरु माथि दोहोरो जिम्मेवारी थपिन गई घरभन्दा बाहिर सामुदायिक काम-काजमा महिलाहरु आएको देखिन्छ । यसले गर्दा समाजमा लैङ्गिक विभेद कम गर्न सहयोग गरेको देखियो । त्यस्तै घर भन्दा बाहिरको समुदायिक काम-काजमा महिला सहभागिता हुनुको साथै सामुदायिक कार्य गर्न पाउँनुलाई महिलाहरुले अवसरको रुपमा लिएको अध्ययनको क्रममा पाईयो । जसले गर्दा समाजमा महिला सहभागिता र महिला सचेतना जस्ता कार्यहरुमा बृद्धि भएको देखिन्छ । जव व्यक्ति घर भन्दा बाहिरि समाजसंग सम्वन्ध राख्ने अवसर मिल्छ, उसले बाहिरि समाजबाट धेरै कुराहरु सिक्ने अवसर प्राप्त गर्दछ ।

वर्तमान समयमा वैदेशिक रोजगारमा जाने प्रचलन बृद्धि हुँदै गइरहेको छ । उक्त रोजगारीका लागि जानेमा धेरै जनशक्ति तलबी रोजगारमा संलग्न भएका छन् भने केहि जनशक्ति स्वयं स्वरोजगारमा संलग्न भएका पनि छन् । तसर्थ वैदेशिक रोजगारीका लागि Push Factorमा रोजगारका अबसर कम हुनु, गरिबी, द्वन्द आदि छन् भने Pull Factor मा धेरै अवसर, राम्रो जीवनस्तर, अध्ययन, उधोगधन्दा आदि छन् ।

वैदेशिक रोजगारले सहभागीहरुको आर्थिक अवस्थामा सुधार ल्याएता पनि यो पेशा दिर्घकालिन रुपमा रहिरहन नसक्ने अवस्था देखिन्छ । सहभागीहरु धेरै जसोले सस्तो मूल्यमा

अर्धदक्ष श्रमिकको रुपमा विदेशमा काम गरेको पाइन्छ । जसको कारण स्वदेशमा रोजगारको अभावले वैदेशिक रोजगारमा जाने गरेको पाइयो र वैदेशिक रोजगारले बजारमुखी भई रोजगारबाट फर्कदा आफ्नो परिवारको लागि विविध विलासिताका सामानहरु (टेलिभिजन, ल्यापटप, आइफोन, मोवाइल, क्यामरा आदि) खरिद गर्दा विदेशमा कमाएको पुँजी विदेशमा नै छाडेर आएको पनि पाइयो ।

यसरी विश्व बजारमा पाइने वस्तुहरु प्रयोग गर्दै विश्वव्यापीकरण तर्फ अगाडी बढेको देखिन्छ भने अर्कातिर विदेशी सामानको खरिद गर्दा आफुले कमाएको रकम विदेशमा नै फर्किएको देखियो । जसको कारण वैदेशिक रोजगारले परनिर्भरताको स्थिति सृजना गरेको देखिन्छ । अतः स्थानिय क्षेत्र अथवा पृष्ठ क्षेत्रमा युवा जनशक्तिको अभावका कारण विकास निर्माण, स्थानिय घरेलु उघोग तथा साना उघोग बन्द हुने अवस्थामा छन् । त्यसैले अहिलको युवाहरु पठन-पाठनमा कम रुची राख्न थालेको र वैदेशिक रोजगारमा बढी रुची राख्न थालेको देखिन्छ । अहिले कृषि क्षेत्रमा पनी काम गर्ने युवा शक्तिको कमी महसुस भएको अवस्था छ । अध्ययन क्षेत्रमा स्थानिय स्तरमा विकासका संभावनाहरु प्रशस्त भएता पनि नाफामूलक उत्पादन हुन नसकेको कारण युवा जनशक्ति वैदेशिक रोजगार तर्फ आकर्षण वृद्धि हुँदै गइरहेको छ ।

# सन्दर्भ सामाग्री

**<u>नेपाली</u> :**


अधिकारी, रेशराज, (२०५६), नेपाली समाज संस्कृति, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

के.सी., नवराज, (२०६६), नयाँ नेपाल निर्माणमा वैदेशिक रोजगारले खेल्न सक्ने भुमिका, काठमाडौं : वैदेशिक रोजगार पत्रकार संघ ।

केन्द्रीय तथ्याङ्क विभाग, (२०६८), नेपाल जीवनस्तर सर्वेक्षण २०६६/२०६७ थापाथली, काठमाडौं : ।

गुरुङ्ग, मञ्जु, (२०७१), वैदेशिक रोजगार र यसले समाजमा ल्याएको परिवर्तन, एक अध्ययन, शोधपत्र समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

गौतम, थापामगर, राजेश र अशोक कुमार, (१९९४), ट्राइबल इथनोग्राफी अफ नेपाल बुक फेथ इण्डिया, न्यूदिल्ली : ।

गौतम, टेकनाथ, (२०४४), थारू जातिको इतिहास तथा संस्कृति, दाङः प्रकाशक सुशिलकुमार गौतम प्रथम संस्करण, थारु पुराण ।

गौतम, मित्रलाल, (२०५८), वैदेशिक रोजगार र यसको प्रभावः एक अध्ययन, शोधपत्र समाजशास्त्र/मानवशास्त्र, पाटनमा प्रस्तुत शोधपत्र ।

घिमिरे, देवेन्द्र, (२०४४), थारू जातिको इतिहास र संस्कृति, दाङ : प्रकाशक सुशिलकुमार गौतम ।

चौधरी, लेखनाथ, (२०५५) थारू जातिको सामाजिक सांस्कृतिक अध्ययन, काठमाडौं : सरिता प्रकाशन ।

डाँगी, युवराज, (२०६८), वैदेशिक रोजगार र यसको प्रभाव, एक अध्ययन, शोधपत्र समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

दाहाल, गणेश, (२०६६), वैदेशिक रोजगारका विविध पक्षहरु, नयाँबानेश्वर, काठमाण्डौं : प्याराडाईज इन्टरनेशनल प्रा. लि. ।

धिताल, मेदिनीप्रसाद, (२०४४), थारूजाति  एक अध्ययन, विराटनगर : पूर्वाञ्चल साहित्यिक प्रतिष्ठान ।

नेपाल, यात्री, (वि.सं २०३३), महाकाली अञ्चल दिग्दर्शन, विराटनगर : हिमाली सौगात प्रकाशन, नेपाल ।

पाण्डे, मधुसुदन, (२०६०), नेपालका जनजातिहरू, काठमाडौं : पैरवी प्रकाशन, नेपाल ।

पाण्डे, रामकुमार, (२०४२), नेपाल परिचय मूलग्रन्थललितपुर : विद्या पुस्तक भण्डार ।

पण्डित, सूर्यकुमार, (२०५६), नेपालमा वैदेशिक रोजगार, काठमाडौं : वैदेशिक रोजगार पत्रकार संघ ।

पोखरेल, नारायणदत्त, (२०५७), वैदेशिक रोजगारले नेपाली समाजमा पारेको प्रभावः एक अध्ययन, शोधपत्र समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

भट्टराई, ज्ञानेश्वर, (२०६०), बृहत् ज्ञानकोष, बागबजार काठमाडौं : आशिष पुस्तक भण्डार  ।

रजौरे, द्रोणप्रसाद, (१९९७), एन एन्थ्रोपोलोजिकल  स्टडी  अफ थारूज  अफ दाङ, देउखुरी :  एम. ए.  शोधपत्र ।

रजौरे द्रोणप्रसाद, (१९८१), थारूज अफ दाग द पिपुल एण्ड सोसियल कन्टेक्स्ट (अंग्रेजी रुपान्तरण) कैलाश, भोल्युम नं. ३-४ ।

राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान, (२०५३), राष्ट्रिय जनजाति प्रतिष्ठान, काठमाडौं : जनजाति वर्ष १, अङ्क१-२ असार ।

राष्ट्रिय जनगणना, (२०६८), प्रारम्भिक नतिजा, केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठमाडौं : ।

राष्ट्रिय जनगणना, (२०५८), केन्द्रीय तथ्याङ्क विभाग, थापाथली, काठमाडौं : ।

राष्ट्रिय योजना आयोग, (२०६५), राष्ट्रिय योजना आयोग, काठमाडौं : ।

रेग्मी,ऋषिकेशवराज, (२०३५), एकस्रोत तीन धारा, काठमाडौं : साझा प्रकाशन ।

विष्ट, डोरबहादुर, (१९८६), सबै जातको फुलबारी, काठमाडौँ :रत्नपुस्तक भण्डार ।

विष्ट, डोरबहादुर, (१९९४), पिपुल्स अफ नेपाल, काठमाडौँ : रत्नपुस्तक भण्डार ।

विष्ट, डोरबहादुर, (२०५५), सबै जातको फूलबारी, काठमाडौं : साझा प्रकाशन ।

वैदेशिक रोजगार ऐन, २०४२, २०६४, कानुनी किताब व्यवस्था समिति, ववरमहल, काठमाडौ : ।

वैदेशिक रोजगार विभाग, २०७१/२०७२ कानुनी किताब व्यवस्था समिति, ववरमहल, काठमाडौ : ।

शर्मा, जनकलाल, (२०३९), हाम्रो समाज एक अध्ययन, काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, मेदीनी, (२०४४), थारू जाति एक अध्ययन, विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान, प्रथम संस्करण ।

सूचना विभाग, (२०३१), श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय, काठमाडौ : सूचना विभाग, भाग ४।

## English :

Aakarshan International Pvt. Ltd (2012). Retrieved from https://www.amanpower.com, Aug9, 2012: 1/project/front/index.php?action=static & content id=76

Foreign Employment Sector Promotion Board(212). Retrieved from https://www.fepb.gov.np, 1/2012: 1/downlodefile/recognized 20% country_20120420021555 pdf.

Foreign Employment Sector(2012). Retrieved from https://www.dofe.gov.np/innerpage.php?page id=60/01- 2012:1

M. Balkirshan, (2012). Retrieved from https:// www.souryadaily.com/o9/2012/09134957.html

M. Elizabeth and Z. Sheth, (2011). *Lee's theory of migration, Lee's laws divides factors causing*. Retrieved from https:// www.economistindia.Files. wordpress.com/2011/05/ The rises-of-migration.docx.

G. Ritzer, (1992). Socioological Theory. New York: Mac - Grew Hill International.

P. N. Sharma(2008). Retrieved from https://www. nabanetra.blogspot.com, o8/2008: 3/blog - post - html.

https://www.baidesikrojgar.com.np.

https://www.weeklynepal.com/index.php/o8-12-2011

https://www.americadarpan.com/nepali/newsbase/nid/24414 (july 29, 2011: 4).

https://www.Kantipur.com/np/06/24/2066/full-news1338487/

# वैदेशिक रोजगार र यसको सामाजिक-आर्थिक प्रभाव

## (सर्लाही जिल्ला सुन्दरपुर चुहडवाका थारु समुदायको एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधी प्राप्तिको आंशिक आवश्यकता परिपूर्तिका लागि समाजशास्त्र केन्द्रीय विभागमा प्रस्तुत गरिएको

**शोधपत्र**


प्रस्तुतकर्ताः

खुशबू कुमारी

रोल.नं.: ०९

रजिष्ट्रशन नं.: ६-२-४०-१५३२-२००६

समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौं

# विषय सूची


पेज नं.

**अध्याय - एक : परिचय** **१-९**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ थारु जातिको उत्पति ३

१.३ समस्याको कथन ६

१.४ अध्ययनको उद्देश्य ८

१.५ अध्ययनको महत्व ८

१.६ अध्ययनको संगठनात्मक स्वरुप ८

**अध्याय - दुई : पूर्व साहित्यको समिक्षा** **१०-२४**

२.१ नेपालमा वैदेशिक रोजगारको इतिहास १०

२.२ वैदेशिक रोजगार सम्बन्धी विधमान ऐन तथानीति-नियम १७

२.३ वैदेशिक रोजगारको सैद्धान्तिक दृष्टिकोण १७

२.३.१ विश्वव्यावस्था सिद्धान्त १८

२.३.२ बसाईसराइको सिद्धान्त १९

२.४ थारु जातिको सामाजिक, सांस्कृतिक अबस्था २०

२.४.१ थारु जातिको आर्थिकअबस्था २२

२.४.२ थारु जातिको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षमा आएको परिवर्तन २३

**अध्याय - तीन : अनुसन्धान पद्धति** **२५-२९**

३.१ अध्ययन क्षेत्रको छनौट २५

३.२ अनुसन्धानको ढाँचा २६

३.३ तथ्याङ्कको प्रकृति तथा स्रोत २६

३.४ समग्रता र नमुना छनौट २६

३.५ तथ्याङ्क संकलन विधि २६

३.५.१ अन्तवार्ता २७

३.५.२ अवलोकन २८

३.५.३ वैयक्तिक अध्ययन २८

३.५.४ समुह छलफल २९

३.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण २९

३.३. अध्ययनको सिमा २९

**अध्याय - चार : अध्ययन क्षेत्रको भौगोलिक तथा सामाजिक परिचय ३०-४३**

४.१ भौगोलिक परिचय ३०

४.२ सामाजिक परिचय ३०

४.३ पारिवारिक विवरण ३२

४.४ उमेरगत र लिङ्गगत विवरण ३२

४.५ पारिवारिक संरचना ३४

४.६ घरको बनावट ३५

४.७ जमिनको अवस्था ३६

४.८ पेशा ३८

४.९ समुदायगत वैदेशिक रोजगारमा संलग्नता ३९

४.१० वैदेशिक रोजगारमा जानुपर्ने कारण ३९

४.११ आम्दानी ४१

**अध्याय - पाँच : वैदेशिक रोजगारले समाजमा ल्याएको आर्थिक परिवर्तन ४४-५६**

५.१ वैदेशिक रोजगारको प्रक्रिया ४५

५.२ वैदेशिक रोजगारमा संलग्नहुनु पूर्वको पेशा ४६

५.३. वैदेशिक रोजगारबाट फर्किए पछिको पेशा ४८

५.४ आर्जित रकमको उपयोग ४९

५.५ सीप ५१

५.६ भाषा ५२

५.७ वैदेशिक रोजगारले समाजमा पारेको सामाजिक प्रभाव ५२

५.८ वैदेशिक रोजगारीलाई समाजले हेर्ने दृष्टिकोण ५५

**अध्याय- छ : अध्ययनको साराशं तथा निष्कर्ष ५७-६१**

६.१ साराशं ५७

६.२ निष्कर्ष ५९

सन्दर्भ सामाग्री

परिशिष्टहरु

अन्तरवार्ता सुची

## तालिका सूची

**तालिका नं.** **विवरण** **पेज**


तालिका नं. १ सुन्दरपुर चुहडवा गा.वि.स. को वडा अनुसारको जनसङ्ख्या विवरण ३१
तालिका नं. २ थारु समुदायबाट वैदेशिक रोजगारमा संलग्न परिवारको उमेर /लिङ्गगत जनसंख्याको विवरण ३३
तालिका नं. ३ वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरुको पारिवारिक संरचनाको विवरण ३४
तालिका नं. ४ वैदेशिक रोजगारमा संलग्न परिवारको घरको बनावट विवरण ३५
तालिका नं. ५ वैदेशिक रोजगारमा संलग्न घरपरिवारको जमिनको विवरण ३७
तालिका नं. ६ वैदेशिक रोजगारमा संलग्न परिवारको पेशागत पारिवारिक विवरण ३८
तालिका नं. ७ वैदेशिक रोजगारमा जाने कारणहरुको विवरण ४०
तालिका नं. ८ वैदेशिक रोजगारमा संलग्न हुनु भन्दा अगाडीको घरपरिवारको आम्दानी विवरण ४१
तालिका नं. ९ वैदेशिक रोजगारमा संलग्न भए पछाडि परिवारको आम्दानीमा भएको परिवर्तन सम्बन्धि विवरण ४२
तालिका नं. १० वैदेशिक रोजगारमा संलग्न हुनु भन्दा अगाडीको पेशागत विवरण ४७
तालिका नं. ११ वैदेशिक रोजगारबाट फर्किए पछिको पेशागत विवरण ४८
तालिका नं. १२ वैदेशिक रोजगारबाट आर्जित रकमको उपयोग सम्बन्धी विवरण ४९
तालिका नं. १३ वैदेशिक रोजगारमा सिकेको सिप सम्बन्धीत विवरण ५१
तालिका नं.१४ वैदेशिक रोजगारले समाजमा पारेको सामाजिक परिवर्तन सम्बन्धी विवरण ५३